का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ भदौ २०७९,

आइतबार

21 August 2022,

Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नें

वर्ष २०, अंक १९७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com





# आकांक्षी मनाउन खोज्दा जम्बो पदाधिकारी

## महासचिव देव गुरुङ, पुन र शर्मा उपमहासचिव

गएको पुसमा सम्पन्न महाधिवेशनले दिएको अधिकार प्रयोग गरी झण्डै आठ महिनापछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पदाधिकारी टुंग्याएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ भदौ ।

नेकपा माओवादी केन्द्रले केन्द्रीय पदाधिकारी टुंग्याएको छ । शनिबार बसेको स्थायी कमिटी बैठकबाट २१ सदस्य पदाधिकारी टुंग्याएको हो । पदाधिकारी टुंग्याउने क्रममा गएको वर्ष पुसमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत पदाधिकारी संख्या हेरफेर गरिएको छ ।

पदाधिकारी संख्या बढाएर २१ बनाइएको छ भने उपाध्यक्ष घटाएर उपमहासचिव र सचिवको संख्या बढाइएको छ । प्रभावशाली नेताहरुको आँखामा परेको महासचिवमा भने देव गुरुङ बनेका छन् । महासचिवमा वर्षमान पुन र जनार्दन शर्माको सशक्त दावेदारी थियो । यी दुवै नेताले तल्ला कमिटीसम्म पहुँज बिस्तार गरेका छन् ।

तर दुवैले नछोड्दा देव गुरुङलाई प्रचण्डले महासचिव बनाएका छन् ।



> प्रभावशाली नेताहरुको आँखामा परेको महासचिवमा भने देव गुरुङ बनेका छन् । महासचिवमा वर्षमान पुन र जनार्दन शर्माको सशक्त दावेदारी थियो ।


महासचिवका दावेदारहरुलाई भने उपमहासचिव बनाइएको छ । स्थायी कमिटी बैठकबाट गिरिराजमणि पोखरेल, वर्षमान पुन, हरिबोल गजुरेल, पम्फा भुसाल, जनार्दन शर्मा, शक्ति बस्नेत र मात्रिका यादव उपमहासचिव बनेका छन् । यी नेताहरुले महासचिवमै दावी गरेका थिए ।

उपाध्यक्षमै दावी गरेका केही नेताहरुलाई भने सचिवमा राखिएको छ । वरिष्ठ उपाध्यक्षमा नारायणकाजी श्रेष्ठ र उपाध्यक्ष कृष्णबहादुर महरा राखेर बाँकी नौ जनालाई सचिव बनाइएको छ । दीनानाथ शर्मा, गणेश साह, चक्रपाणि खनाल, देवेन्द्र पौडेल, लीलामणि पोखरेल, हितमान शाक्य, हितराज पाण्डे, डिलाराम आचार्य र राम कार्की सचिव बनेका छन् । कोषाध्यक्षमा श्रीराम ढकाल चयन भएका छन् ।

तर माओवादी केन्द्रको विधान अनुसार, पदाधिकारीमा दलित, मुस्लिम र युवा भने परेनन् । माओवादी केन्द्रले ४० वर्ष मुनिकालाई युवा भनी परिभाषित गरेको छ । तर माओवादी केन्द्रको उपमहासचिव बनेका वर्षमान सवैभन्दा कान्छा पदाधिकारी हुन् । उनी ५१ वर्षका भए । दलित र मुस्लिमबाट कोही पनि परेनन् । पम्फा भुसाल एक्लो महिला पदाधिकारी हुन् ।

महासचिवकै दावेदार भुसाललाई उपमहासचिव बनाइएको छ । महासचिवमा देव गुरुङ परेपनि जनजातिको सहभागिता पनि न्यून छ । वरिष्ठ उपाध्यक्ष श्रेष्ठ, महासचिव गुरुङ, उपमहासचिव पुन र सचिव हितमान शाक्य मात्रै पदाधिकारी छन् । तर पनि पदाधिकारी भने जम्बो बनेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको १९ सदस्यीय पदाधिकारी छ भने सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसको १३ सदस्यीय पदाधिकारी छ । जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीले भने महाधिवेशन गरेको छैन ।

## रहेनन् समाजवादी चिन्तक गिरि



काठमाडौं/मस- नेपाली कांग्रेसका नेता एवम् समाजवादी चिन्तक प्रदीप गिरिको निधन भएको छ । ललितपुरको नख्खुस्थित मेडिसिटी अस्पतालमा उपचारका क्रममा गिरिको शनिबार राति निधन भएको

– बाँकी पृष्ठ २ मा

### प्रदेशबारे बहस

## बलियो बनाउने कि विघटन गर्ने ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ भदौ ।

नेपालको संविधानले नै तीन तहको सरकारको कल्पना गरेको भएपनि प्रदेश खारेजीको माग उठ्न थालेको छ । नेपाल जस्तो सानो मुलुकले संघीयता धान्न नसक्ने भन्दै केही नेताहरु प्रदेश खारेजी गर्नुपर्ने बताउन थालेका छन् ।

केही समयअघि एमालेका अध्यक्ष केपी शर्मा ओलीले संघीयता खारेज गर्नुपर्ने आशयसहित संविधान बनाउँदा पर्याप्त विचार गर्न नसकिएको अभिव्यक्ति दिएका थिए । उनले मात्रै होइन, उनका निकट नेता गोकुल बाँस्कोटाले केही दिनयता लगातार प्रदेश संरचना खारेज गर्नुपर्ने आवाज उठाउँदै आएका छन् । जसले गर्दा प्रदेश खारेजीको सम्भावना भने बढ्दै गएको देखिन्छ ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा समेत अब प्रदेश सरकारबारे सोच्नुपर्ने बताउँछन् । 'आगामी पाँच वर्ष प्रदेश सरकारका लागि अन्तिम परीक्षा, सफल नभए प्रदेश खारेज गर्नुपर्नेतर्फ सोच्नुपर्छ' महामन्त्री थापाले

– बाँकी पृष्ठ २ मा

# मलेसियामा पुराना सेक्युरिटी गार्डहरुले बढेको तलब नपाएको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ भदौ

मलेसियामा सुरक्षागार्डमा कार्यरत नेपालीहरूले आफूहरूले बढेको न्यूनतम तलब पाउन नसकेको व्यापकरूपमा गुनासो गरेका छन् । मलेसियामा विगत ३/४ वर्षदेखि कार्यरत रहेका आफूहरूलाई कतिपय सेक्युरिटी कम्पनीहरूले मासिक १२ सय रिँगेट तलब दिएर जबरजस्ती १५ सय रिँगेट बुझेको भर्पाईमा सही गराउने गरेको बताएका छन् । मलेसियाले गत मे महिनाको पहिलो तारेखदेखि न्यूनतम तलब मासिक १ हजार ५ सय रिंगेट कायम गरेको हो ।

मलेसियास्थित नेपाली दूतावासले आयोजना गरेको साप्ताहिक फेसबुक कार्यक्रममा मलेसियाको अल शेफ सेक्युरिटी कम्पनीमा कार्यरत दुर्गा ढकालले मलेसिया सरकारले न्यूनतम तलब बढाएको साढे तीन महिनासम्म पनि मासिक न्यूनतम १५ सय रिँगेट तलब नपाएको बताए ।

कार्यक्रम सञ्चालन गरेका श्रम सहचारी प्रकाश पन्थीले ढकालले दूतावासमा न्यूनतम तलब नपाएको गुनासा व्यापकरूपमा आउने गरेको बताए । त्यस्ता गुनासा आएपछि कम्पनीको आधिकारिक प्रतिनिधिलाई दूतावासमा बोलाएर न्यूनतम तलब नपाएको विषयमा जानकारी

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## बढी रकम असुलेको गुनासो

काठमाडौं/मस- मलेसियास्थित नेपाली दूतावासले आयोजना गरेको साप्ताहिक फेसबुक कार्यक्रममा कम तलब पाएको मात्र नभई नेपालबाट मलेसिया रोजगारीमा जान तीन लाख रूपैयाँसम्म माग्ने गरिएको गुनासो गर्ने पनि धेरै देखिएका छन् ।

नेपाल र मलेसिया सरकारबीच श्रम सम्झौता भएपछि कामदार भर्ना गर्दा लाग्ने नेपाली म्यानपावर कम्पनीको शुल्क, कामदारको स्वास्थ्य परीक्षण शुल्क, राहदानी, जहाज टिकट, स्थानीय यातायात, आवास, स्वदेश फिर्तालगायत सबै खर्च रोजगारदाता कम्पनीले व्यहोर्ने सुनेपनि मलेसिया जान २ लाख ८० हजार मागिएको मोरङका महिन लिम्बूले गुनासो गरे । जवाफमा श्रम सहचारी प्रकाश पन्थीले नेपाल छाड्नुअघि र रोजगारीका क्रममा कामदारले भर्नासँग सम्बन्धित कुनै खर्च वहन गर्नुनपर्ने भन्दै कसैले रकम मागेमा वैदेशिक रोजगार विभाग, सातवटै प्रदेशमा रहेका श्रम कार्यालयमा उजुरी दिन पनि आग्रह गरे ।

## मकवानपुरमा राहदानी लिनेको संख्या बढ्दै

हेटौंडा/रासस– मकवानपुरमा राहदानी लिनेको संख्या बढ्दै गएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष अर्थात् गत आर्थिक वर्षमा राहदानी लिनेको सङ्ख्या अत्यधिक भएको जानकारी दिइएको छ ।

कार्यालयबाट प्राप्त जानकरीअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा छ हजार पाँच सय ३२ जनाले राहदानी लिएका थिए भने अघिल्लो वर्ष २०७७/७८ मा तीन हजार पाँच सय २४ जनाले राहदानी लिएका थिए । झण्डै यो संख्या दोब्बर रहेको छ ।

गत आव २०७८/७९ मा सो कार्यालयबाट छ हजार नौ सय ४७ जनालाई राहदानीका लागि साधारण सिफारिस भएको थियो भने चार हजार एक सय ३८

– बाँकी पृष्ठ २ मा


# VACANCY ANNOUNCEMENT

Dewan Consultants Pvt.Ltd. (A reputed leading manpower agency in Kathmandu) is URGENTLY hiring the following positions. Interested, capable, energetic, hardworking, physically & mentally fit, able to work under pressure and experienced candidates are requested to apply with updated CV within a week of this notice at **dewan.cvs@gmail.com**

### 1. Recruitment Manager- 2 (Male)

**Key Areas of Requirements for applying:**

- At Least Bachelor Passed (Or Above),
- 3/5 Year Continuous Experience In Similar Field,
- Should Be Capable In Sourcing, Screening,
- Selection And Recruitment,
- Plan & Execute And Lead Department And Team.

### 2. Public Relation Officer (PRO)-2 (Male/Female)

**Key Areas of Requirements for applying:**

- At Least 12 Passed (Or Above),
- 2/3 Year Continuous Experience In Similar Field.

### 3. Receptionist-2 (Male/Female)

**Key Areas of Requirements for applying:**

- At least 12 passed,
- 2/3 year continuous experience in similar field.

*Note: All candidates must be Fluent in English (Verbal & Written), must be experienced in Word, Excel, email, and internet. Candidates having similar experience in Recruitment Agency/Manpower is highly encouraged to apply. Only short-listed candidates will be called for further processing.*

Lic No. 841/066/067

## देवान कन्सल्ट्यान्ट्स प्रा.लि.

बत्तिसपुतली, गौशाला, काठमाडौं । सम्पर्क: ०१-४४६२४३१, ४४८२९०१
Fax : +977-1-4482904, E-mail : dewan.consultant841@gmail.com



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ भदौ २०७९, आइतबार
21 August 2022, Sunday

# मुरुल्ले धार्मिक स्थलमा धर्मशालाको निर्माण

**कमल खड्का/मध्यान्ह**
रोल्पा, ४ भदौ




कृष्ण जन्माष्टमीको अवसर परेर मुरुल्ले धार्मिक स्थलमा एक धर्मशाला उद्घाटन गरिएको छ । जिल्लाको रुन्टीगढी गाउँपालिका वडा नम्बर ६ मा रहेको मुरुल्ले बचाउन र मुरुल्लेलाई धार्मिक स्थल बनाएर पर्यटक प्रवर्द्धन गर्ने उद्देश्यले धर्मशाला स्थापना गरिएको हो ।

यो स्थान चट्टानै चट्टानले बनेको अग्लो भएको र यस क्षेत्रबाट दाङ लगायत विभिन्न ठाउँको अवलोकन गर्न सकिने हुदा यो क्षेत्र पर्यटनका लागि पनि अति महत्वपूर्ण स्थान हुन सक्ने आँकलन गरिएको छ । तर यस क्षेत्रमा चुनढुङ्गा भएको हुदा केही उद्योगहरुले उत्खनन गर्न खोजेकाले मुरुले बचाउ अभियान समितिका सदस्यहरु लगायत स्थानीयहरु मुरुले नरहने हो कि भन्ने चिन्तामा परेका छन् ।

उद्योगीहरुले सबै प्रक्रिया पुऱ्याएर उत्खनन कार्यको लागि सरकारबाट अनुमति लिएको भन्ने सुन्दा अब मुरुल्ले नबच्ने होकी भन्ने कुराले पिरोलेको छ। तर स्थानीयहरुले भने प्रक्रिया पूरा गरे कसैलाई पनि जानकारी नभएको दाबी गरेका छन्। उनीहरू भन्छन् 'वातावरण मुल्यांकन गर्दा कहाँ कसरी कोसँग बसेर गरे पत्तो भएन, एका तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग आउने क्रम जारी रहेको छ, अर्को तर्फबाट उत्खनन कार्य शुरु हुदै गरेकाले धार्मिक स्थल धरापमा परेको छ।'

रुन्टीगढी गाउँपालिकाका अध्यक्ष जनक पुनले मुरुले धार्मिक तथा पर्यटकीय स्थल पालिकाकै सानको रुपमा रहेको बताए । साथै उनले अन्तर्राष्ट्रिय स्तरबाट नेपालको भुमीलाई सहयोग आउनु निकै सकारात्मक भएको बताए ।

सहयोग गर्ने रिजाल परिवारलाई धन्यवाद दिदै उनले विकासको लागि गाउँपालिकाबाट पनि लाखौं रुपैयाँ खर्च भई सकेको जानकारी दिँदै चुनढुङ्गा उत्खनन् हुन दुःखद भएको बताए ।

उनले अध्यक्ष पदभार ग्रहण गरेको ३/४ महिनामै परिणाम नखोज्न पनि आग्रह गरेका छन् । कुनै पनि काम गर्न समय लाग्ने र कामको परिणाम विस्तारै आउने जानकारी गराउदै उनले विभिन्न प्रचारबाजीको पछाडि नलाग्न र समाजिक सञ्जालमा अनावश्यक टिप्पणी नगर्न सुझाव दिए । कार्यक्रममा उनले सञ्चार माध्यमले पनि सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिए ।

केही समय अगाडि मात्र अमेरिकामा बस्दै आएका घनश्याम रिजालको परिवारले धर्मशाला स्थापनाका लागि आर्थिक सहयोग गरेको थियो । उक्त धर्मशाला उद्घाटन गाउँपालिका अध्यक्ष जनक पुनले गरेका छन् । उद्घाटनमा सोही वडाका अध्यक्ष घन बहादुर घर्तीको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै उनले चुनढुङ्गा उद्योगले आफ्नो क्षेत्र निर्धारण गरेर धार्मिक तथा पर्यटकीय स्थानको संरक्षण गर्नुपर्ने बताए । जनताको भावनाविपरित कुनै पनि निर्णय गर्न नहुने उनको भनाइ थियो । वातावरण मुल्याङ्कन तथा धार्मिक स्थान पहिचान गर्दा स्थानीयलाई अवगत गराउनुपर्नेमा उनले जोड दिए ।

रिजाल परिवारको आर्थिक सहयोग तथा मुरुल्ले म्याग्जिन गढी पर्यटकीय विकास समितिले आयोजना गरेको कार्यक्रममा रुन्टीगढी गाउँपालिकाका अध्यक्ष जनक पुन, वडा नम्बर ६ का अध्यक्ष घनबहादुर घर्ती, वडा नम्बर ९ का अध्यक्ष चेतलाल खत्री, समितिका पदादिकारीहरु, अन्य विभिन्न क्षेत्रका प्रतिनिधिहरु, आमा समूहका सदस्यहरु, पत्रकार तथा मिडियाकर्मीहरु, सर्वसाधारण, भक्तजन लगायतको उपस्थिति रहेको थियो ।

# लसेस कतारद्वारा ब्युटिसियन प्रशिक्षण र तीजको दर कार्यक्रम सम्पन्न

**विनोद थापा मगर/मध्यान्ह**
दोहा, कतार, ४ भदौ

कतारमा रहेका नेपाली नारीहरुका लागि सीप विकास तथा श्रृंगारिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरितालिका तीजको सेरोफेरो पारेर लमजुङ सेवा समाज (लसेस) कतारले एक दिने आधारभुत ब्युटिसियन प्रशिक्षण तथा तीजको दर कार्यक्रम सम्पन्न गरेको छ । ३ भदौ (१९ अगस्ट) शुक्रबार आयोजना गरिएको कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका जिल्ला संस्था, कतारस्थित महिला सम्बन्धी संस्था तथा अन्य संस्थाका महिला विभाग र कतारमा रहेका लमजुङे महिलाहरु सहभागी भएका थिए ।

तीज एउटा श्रृंगार सम्बन्धी पर्व पनि भएकोले सो अवसरमा नाचगान सँगसँगै केही सीपमूलक कार्यक्रम पनि गरौं भन्ने उद्देश्यले आयोजित सो कार्यक्रममा करिब ४५ जना सहभागीले प्रशिक्षण लिएका थिए । सो अवसरमा छाला, कपाल र फेसियलसम्बन्धी गरी तीन फरक फरक विधाका प्रशिक्षकले सैद्धान्तिक तथा प्रयोगात्मक दुबै तरिकाबाट प्रशिक्षण दिएका थिए ।

प्रशिक्षणको बीचमा गोर्खा सेवा समाज कतारका अध्यक्ष रामजी खत्रीद्वारा प्रस्तुत शारीरिक ब्यायाम, योगकला र तनावमुक्त सम्बन्धी केही उपयोगी कार्यहरुले कार्यक्रम झन् रोचक बनेको थियो ।

कतारमा निकै लामो समयसम्म बसेर ब्युटिसियन सम्बन्धी पर्याप्त ज्ञान र अनुभव सम्हालेका तीन प्रशिक्षकहरु गंगा खड्का भण्डारी, कमला ढुंगाना उप्रेती र निरा कार्कीले प्रशिक्षण प्रदान गरेका थिए । प्रशिक्षण कार्यक्रम महिलाहरुको दैनिक जीवनका लागि निकै उपयोगी रहेको र धेरै नयाँ कुराहरु सिक्न पाएको सहभागीमध्यकी मालती न्यौपानेले बताइन् ।

सीमित वक्ताहरु मात्र रहेको सो कार्यक्रम दोहामा भएका अन्य कार्यक्रमभन्दा पृथक रहेको भन्दै 'प्रवासमा महिलाहरुको अवस्था र फुर्सदको समयमा थप आय आर्जनका लागि सिक्न सकिने सीप तथा सम्भावित काम' भन्ने विषयमा एनआरएनए एनसीसी कतारकी महिला संयोजक नानू घलेले प्रेरणादायी मन्तव्य राखेकी थिइन् ।

कार्यक्रमकी प्रमुख अतिथि तथा नेपाली महिला समाज कतारकी अध्यक्ष सरिता पौडेल भण्डारीले 'नारी जीवनमा श्रृंगार र पहिरनको महत्व तथा उच्छृंखल श्रृंगार र पहिरनले ल्याउन सक्ने सामाजिक विकृति' को विषयमा सारगर्भित मन्तव्य राखेकी थिइन् ।

लमजुङ सेवा समाजकी महिला विभाग संयोजक कुमारी गुरुङको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा संस्थाका तृतीय उपाध्यक्ष कल्याण थापाले स्वागत मन्तव्य तथा संस्थाकाअध्यक्ष सिताराम थापाले कार्यक्रमको उद्देश्य र औचित्यबारे प्रकाश पारेका थिए । संस्थाका महासचिव विनोद थापा मगरले सञ्चालन गरेको सो कार्यक्रमको अन्त्यमा सबै प्रशिक्षार्थी सहभागीहरुलाई सहभागिताको प्रमाणपत्र तथा साबुन, स्याम्पु लगायतका अन्य सामग्रीसहितको कोसेली प्रदान गरिएको थियो । दर खानपिन पछि नाचगानसहित टुंगिएको कार्यक्रम निकै अविस्मरणीय भएको सहभागीहरुले बताए ।

# चौधरीको अध्यक्षतामा ५५ सदस्यीय समिति गठन



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ४ भदौ

जनता समाजवादी पार्टी नेपाल निकट समाजवादी महिला संघ लुम्बिनी प्रदेशमा अन्जु चौधरीको अध्यक्षतामा ५५ सदस्यीय प्रदेश स्तरीय समिति गठन भएको छ । समाजवादी महिला संघ लुम्बिनी प्रदेश भेला तथा प्रशिक्षण कार्यक्रम बाँकेको नेपालगन्जमा सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेशको समाजवादी महिला संघको उपाध्यक्षमा स्वेता राना मगर र सन्ध्या पौडेल खान, सचिवमा शुशिला पौडेल, सह-सचिव सुभद्रा जिसी र पवनरेखा पाठक चयन भएका छन्।

लुम्बिनी प्रदेशको समाजवादी महिला संघ नव गठित समितिलाई जसपा लुम्बिनी प्रदेश प्रवक्ता अकरम पठानले हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना दिएका छन् ।

## रहेनन् ....

हो । भारतमा क्यान्सरको उपचार गरेर गिरि फर्किएका थिए ।

तर फेरि समस्या देखिएपछि एक महिना अगाडि मेडिसिटी भर्ना भएका थिए । उनलाई क्यान्सरकै समस्यासँगै निमोनिया देखिएपछि अवस्था गम्भीर बनेको थियो । शनिबार दिउँसो मात्रै उनको परिवारले गिरिको एकपछि अर्को अंगले काम गर्न नसकिरहेको उल्लेख गरेको थियो ।

७५ वर्षीय गिरि नेपाली कांग्रेसका सांसद हुन् । ०७४ मा वाम गठबन्धन हुँदा पनि गिरिले चुनाव जितेका थिए । कांग्रेसको केन्द्रीय कार्य समितिमै बसेर काम गरेका गिरिले लाभको पद भने लिएनन् । उनी सांसद जिते पनि शासकीय सुविधामा जान चाहेनन् ।

मार्क्सवादी दर्शनका अध्येता गिरिलाई नेपाली राजनीतिले दार्शनिक व्यक्तिका रुपले चिन्थ्यो । परिवर्तनका पक्षमा सम्झौतारहित ढंगले प्रस्तुत हुने गिरि कांग्रेसभित्र लोकतान्त्रिक समाजवाद र साम्यवादी समाजवाद बीचको भेद प्रष्ट ढंगले व्याख्या गर्न सक्थे। कांग्रेसमा पनि सभापति शेरबहादुर देउवालाई साथ दिए पनि गिरिको व्यक्तित्व कांग्रेसभित्र सीमित थिएन । राजनीतिक, दार्शनिक, साहित्यिक अनेक क्षेत्रमा गिरि व्याख्या गर्न सक्थे ।

## प्रदेशबारे...

भने । प्रदेश सरकार सञ्चालनको प्रक्रियामा सफल हुन नसकेको हुँदा यसमा पुर्नविचार गरिनुपर्ने उनको भनाई छ। तर, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भने संघीयताको खारेजी नभई थप व्यवस्थित बनाउनुपर्ने बताउँछन्।

'आजभोलि केही नेताहरू संघीयता खारेज गर्नुपर्छ भनेर बोलिरहेका छन्, त्यो भनेको फेरि निरकुंश राजतन्त्रकै दिशामा जाने भन्ने हो', उनले भने, 'स्थानीय र प्रदेश सरकारलाई अझ व्यवस्थित र मजबुत बनाउनुपर्यो। प्राकृतिक स्रोत साधनमाथि जनताको हक अधिकारलाई सुनिश्चित गर्नेतर्फ केन्द्रित हुनुपर्छ।' संघीयता खारेज गरेर मुलुकलाई एकात्मक शासन व्यवस्थामा लैजाने षड्यन्त्र उनको भनाई छ ।

राजनीतिक विश्लेषक डा. राजेश अहिराज पनि संघीयता भागबण्डा मिलाउने र कार्यकर्ता व्यवस्थापन गर्ने काममा मात्रै देखिएको हुँदा खारेज गर्नुको विकल्प नरहेको बताउँछन् । 'नेपालजस्तो मुलुकले संघीयता धान्न बहुतै मुस्किल छ, अझ यो कार्यकर्ता व्यवस्थापन र नेता व्यवस्थापनमा मात्रै केन्द्रित देखिन्छ, मुलुकलाई बोझ बोकाउनु भन्दा खारेज गरेको राम्रो हो, उनले भने । अझ उनी दुई दल र तीन प्रदेश हुनुपर्ने बताउँछन् ।

पछिल्लो समय राष्ट्रिय जनमोर्चा, राप्रपा नेपाल लगायतका थुप्रै दलले संघीयता देशले धान्न नसक्ने भन्दै खारेजीको माग गर्दै आईरहेका छन् । प्रदेशबाट मन्त्री बन्ने र सुविधा लिने बाहेक केही हुननसकेको भन्दै पटकपटक खारेजीको माग उठेको हो ।

## मलेसियामा...

लिने र तलब दिने लिखित प्रतिबद्धता गराउने गरेको बताए।

श्रम सहचारी पन्थीले मासिक न्यूनतम १५ सय रिँगेट तलब नपाएका कामदारहरुलाई कामदारका लागि बनाइएको डब्लूएफडब्लू एप्लिकेशनमार्फत वा नेपाली दूतावासको इमेलमा जानकारी दिन आग्रह गरे ।

सेक्युरिटी गार्डको रोजगारी गरिरहेका कतिपय नेपालीले भिसा थप नगरी काममा लगाएको समेत गुनासो गरेका छन् ।

नेपाल र मलेसियाबीच भएको श्रम सम्झौतापछि सेक्युरिटी गार्डको रोजगारीमा गएका कामदारले मासिक न्यूनतम १५ सय रिँगेट तलब पाएपनि त्यसअघि गएका धेरैजसोले नपाएको आंकलन गरिएको छ । मलेसियामा अन्य कामदारले ८ घण्टा काम गरेपनि सेक्युरिटी गार्डको न्यूनतम कार्य अवधि १२ घण्टा हुने गरेको छ । सामान्य कामदारको तुलनामा डेढी समय काम गर्नुपर्ने तर तलब सामान्य कामदार सरहको नभएपछि गुनासो बढेको हो ।

गत वैशाख अन्तिम हप्ता मलेसिया भ्रमणमा गएका तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले सुरक्षागार्डको मासिक न्यूनतम तलब १५ सय रिँगेट र ओभरटाइम वापतको पारिश्रमिक स्पष्ट नभएको मागपत्र प्रमाणीकरण बन्द गर्न निर्देशन दिएका थिए ।

## मकवानपुरमा...

जनाको दूत सिफारिस भएको थियो । त्यसमध्ये प्रिन्ट भएर आएकामध्ये चार सय १५ राहदानी वितरण हुन बाँकी रहेको बताइएको छ। त्यस्तै कार्यालयबाट अघिल्लो आव २०७७/७८ मा तीन हजार पाँच सय २४ राहदानी वितरण भएको थियो। त्यसमध्ये आठ सय ५० राहदानी वितरण हुन बाँकी रहेको छ। सो अवधिमा चार हजार तीन सय ७४ राहदानीका लागि साधारण सिफारिस भएको थियो भने दुई हजार नौ सय ५१ दूत सिफारिस भएको थियो ।

यसैगरी उक्त कार्यालयले गत आर्थिक वर्षमा विभिन्न प्रकृतिका एक सय ५६ मुद्दा फछ्र्योट गरेको जनाएको छ । गत आवमा दर्ता भएका एक सय ४९ मुद्दा तथा अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका ३६ मुद्दामध्ये एक सय ५६ मुद्दा फछ्र्योट भएको सो कार्यालयबाट बुझिएको छ । बाँकी २९ मुद्दा चालु आवमा सरेर आएको छ ।

कार्यालयमा आव २०७८/७९ मा ५३ वटा नयाँ संस्था दर्ता तथा तीन सय सात संस्थाको नवीकरण भएको छ भने सोही अवधिमा दुई पत्रपत्रिका दर्ता गरी सञ्चालन गर्न अनुमति दिइएको बताइएको छ ।

**Invitation For Bids**

**Malikarjun Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Shankarpur Pasti, Darchula**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No:MRM-TB-01/2079/80**

**First Date of Publication: 2079/05/05 ( 21/08/2022 )**

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Malikarjun Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Malikarjun Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Malikarjun Rural Municipality or www.bolpatra.gov.np
5. Bidding documents may be purchased from the office of Malikarjun Rural Municipality, Darchula, Nepal or www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table and bid document fee should be deposited in A/C No: 9101524674496041 Machhapuchhre Bank Ltd. Malikarjun Branch until the last date of purchase of bidding document from the first date of publication of this notice.
6. Bids must be submitted to the office of Malikarjun Rural Municipality, Darchula, Nepal or through www.bolpatra.gov.np, on or before 12:00 noon on 2079/06/04(20/09/2022). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2079/06/04(20/09/2022) at the office of Malikarjun Rural Municipality, Darchula, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in in A/C No: 9101524674496041 Machhapuchhre Bank Ltd. Malikarjun Branch Malikarjun Rural Municipality, Darchula and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Malikarjun Rural Municipality, Darchula on 2079/05/20(5/09/2022).
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads of Basikhola, Bhartola and Kasedi Trail Bridge | 3405172.71 | 100000.00 | 3,000.00 |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# घरदैलोमै सामाजिक सुरक्षा भत्ता



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ४ भदौ

दैलेखको गुराँस गाउँपालिकाले नागरिकको घरघरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण शुरु गरेको छ। सामाजिक सुरक्षा भत्ता लिन कठिन भइरहेको जनगुनासो बढिरहेका बेला गाउँपालिकाले बैंकसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, एकल महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि घर-घरमै पुगेर भत्ता वितरण गर्न थालेको हो।

बैंकसँगको समन्वयमा घरदैलोमै सेवा प्रदान गर्न थालिएको गुराँस गाउँपालिकाका वडा नं ८ का अध्यक्ष दीपेन्द्र ओलीले बताए। उनका अनुसार बैंकमार्फत सामाजिक सुरक्षा भत्ता हस्तान्तरण गर्ने नेपाल सरकारको नीति भएकोमा पालिकाले बैंकको चाप, भौगोलिक विकटता, मौसम र ज्येष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी वडास्तरमै भत्ता दिने व्यवस्था गरेको हो।

आफ्नै घर आँगनमा सामाजिक सुरक्षा भत्ता बुझ्न पाएको भन्दै गुराँस-८ का ज्येष्ठ नागरिक लालबहादुर गैरेले खुशी व्यक्त गरे। 'बैक टाढा हुँदा भत्ता लिन जान एक दिन पुरै लाग्थ्यो, बैंकमा लाइन लाग्नुपर्ने बाध्यता थियो, यसपालि गाउँमै भत्ता बुझ्न पाइयो, खुशी लागेको छ', उनले भने।

ज्येष्ठ नागरिक, दलित, अशक्त, असहाय, एकल महिला लगायतका लाभग्राहीलाई बैंकमा आएर भत्ता लिन असहज भएकाले उनीहरूको सहजताका लागि वडामै पुगेर भत्ता वितरण गर्ने निर्णय गरिएको गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर बिसीले बताए।

घरमै पुगेर भत्ता दिन थालेपछि स्थानीयहरू खुशी बनेका छन्। उनका अनुसार बैंकसम्म वृद्धवृद्धा पुग्न नसक्ने र पुगिहाले पनि दिनभर लाइनमा बस्नुपर्ने भएकाले घर-घरमै पुगेर भत्ता वितरण कार्य शुरु गरिएको हो।

यसअघि बैंकमार्फत मात्रै भत्ता दिने व्यवस्था रहेकोमा अहिले टोल-टोल र घरदैलोमै वितरणको व्यवस्था मिलाइएको छ।

# बाँके डायरी

**पवन जायसवाल/मध्यान्ह**

## गुल्मेली समाज बाांकेको अध्यक्षमा न्यौपाने

गुल्मेली समाज सेवा समिति, बाँकेको पाँचौं अधिवेशन तथा तीजको दर खाने कार्यक्रम सम्पन्न भएको छ। शनिबार सम्पन्न अधिवेशनले हरिलाल न्यौपानेको अध्यक्षतामा आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको छ।

संस्थाका सल्लाहकार पूर्ण लाल चुकेको अध्यक्षतामा निर्माण गरिएको अध्यक्ष मण्डलले चयन गरेको समितिको उपाध्यक्षमा भीमलाल कँडेल, सचिवमा हिम नाथ पौडेल र कोषाध्यक्षमा प्रदीप सापकोटा रहेका छन्। अध्यक्ष मण्डलको सदस्यमा संस्थापक अध्यक्ष लक्ष्मण गौतम र सल्लाहकार नारायण ज्ञवाली रहका थिए।

त्यसैगरी सदस्यहरुमा प्रकाश गौतम, निलम ज्ञवाली, आरती गौतम, बल बहादुर दगामी, कमला गौतम, महेश ज्ञवाली, ठगीराम भण्डारी, दुर्गा प्रसाद काफ्ले, राजकुमार सापकोटा, कुञ्ज मणि पोखरेल र झविलाल शर्मा चयन भएका छन्।

नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई गुल्मीका संघीय सांसद् मैया भण्डारीले खादा ओढाएर बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेकी थिइन्। गुल्मेलीहरुले आफ्नो जन्म थलो छोडेर जहाँ गएर बसे पनि राम्रो काम गरेको उनको भनाइ थियो।

नवनिर्वाचित अध्यक्ष न्यौपानेले समितिलाई सक्रियताका साथ चलायमान गराउने प्रतिवद्धता व्यक्त गरे।

संस्थाका अध्यक्ष भाष्कर काफ्लेको अध्यक्षतामा सम्पन्न अधिवेशनको पहिलो सत्रमा प्रमुख अतिथि बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर खत्रीले एसईई परीक्षा-२०७८ मा उत्कृष्ट अंक ल्याई बाँके जिल्ला प्रथम भई उत्तीर्ण हुने बालिका शिक्षा काफ्लेलाई ५ हजार रुपैयाँ सहित प्रशंसा पत्र र संस्थाको आजीवन सदस्यता पनि वितरण गरिएको थियो।

प्रमुख अतिथि बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर खत्री, नेकपा एमाले बाँकेका अध्यक्ष किस्मत कुमार कक्षपति लगायतले कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गरेका थिए। तीजको दर खाने समेतको सो कार्यक्रममा महिलाहरुले सामूहिक तृत्य प्रदर्शन गरेका थिए। करिब ३५० जनाको सहभागिता रहेको निवर्तमान सचिव कँडेलले जानकारी दिए। सचिव भीमलाल कँडेलले कार्यक्रमको सञ्चालन गरेका थिए।

## अनेम संघ क्रान्तिकारीद्वारा 'तीज मिलन तथा रक्तदान कार्यक्रम' सम्पन्न

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) नेपालगन्ज उपमहानगर कमिटीले 'तीज मिलन तथा रक्तदान कार्यक्रम' सम्पन्न गरेको छ।

कमिटीकी अध्यक्ष मीना डाँगीको अध्यक्षतामा नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य अञ्जना चौधरीको प्रमुख आतिथ्यमा शनिबार भएको कार्यक्रममा ४२ जनाले रक्तदान गरेका छन्।

रक्तदान गर्नेहरुमा खजुरा गाउँपालिका प्रमुख डम्बर बहादुर वि.क तुफान, पिन्टु केवट, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) नेपालगन्ज उपमहानगर कमिटी उपाध्यक्ष मञ्जु ज्ञवाली, प्रेम बहादुर शाह, मुना हमाल, प्रदीप छिनाल, अक्कल बहादुर बम, प्रदीप कुमार श्रेष्ठ, हेमन्त अधिकारी, गौरब खडका, मर्मजंग बम, सपना कुँवर योगी, धर्मराज बडुवाल, चिरञ्जीवी ओली, पदम श्रेष्ठ, बिनोद कुमार उप्रेती, भक्त बहादुर बिक, नेत्रलाल घर्तीमगर, कमला आली क्षेत्री, कलिमिया कस्मिरा, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) नेपालगन्ज उपमहानगर कमिटिका अध्यक्ष मीना डाँगी, योगेश चन्द्र उपाध्याय, सुमन राना मगर, गोकुल भण्डारी, मदनराज खत्री, मीरा खनाल, अनिल शर्मा, उत्तम चौधरी, हिरेन्द्र बहादुर बिक, नगेन्द्र सिंह ठकुरी, राजेन्द्र सिंह, बिष्णु कनौजिया, राम केसी, मीना बुढा, हेमन्त सापकोटा, चन्द्र प्रकाश चौधरी, श्याम कुमार चौधरी, पूर्ण चौधरी, सनील चौधरी, रोशन चौधरी र अशोक चौधरी लगायत ४२ जना रहेका छन्।

कार्यक्रममा प्राविधिकमा सहयोग गर्ने तथा रक्तदाताहरुलाई प्रमाण-पत्र प्रदान गरिएको थियो। रक्तदानमा प्रादेशिक रक्त संचार सेवा केन्द्रका प्रमख उपेन्द्र रेग्मी, सन्दिप आचार्य, सुनिल पुलामी, रुकमणि चौधरी, बीरेन्द्र योगी, केशर सिंह डाँगी लगायतले प्राविधिकमा सहयोग गरेका थिए।

सचिव ईश्वरी रावतद्वारा सञ्चालित कार्यक्रममा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) नेपालगन्ज उपमहानगर कमिटीकी उपाध्यक्ष मञ्जु ज्ञवाली र केन्द्रीय सदस्य अतहर हुसेन फारुकी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

'तीज मिलन तथा रक्तदान कार्यक्रम'मा सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष दिपेन्द्र जोशी, नगर ईन्चार्ज मन्दिरा पाण्डे, प्रदेश सदस्य नबीन शर्मा, लुम्बिनी प्रदेशका सह-सचिव अक्कल बहादुर बम, जिल्ला संयोजक एवम् खजुरा गाउँपालिका अध्यक्ष डम्बर बहादुर वि.क तुफान लगायतको उपस्थिति रहेको थियो।

## महेन्द्र पुस्तकालयले मनायो 'अमृत महोत्सव'

बाँकेको महेन्द्र पुस्तकालयले ७५ वर्ष पूरा गरेको अवसरमा अमृत महोत्सव भव्यताका साथ मनाएको छ। पुस्तकालय तदर्थ समितिका अध्यक्ष बलराम यादवको अध्यक्षता, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इस्तियाक राईको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

अमृत महोत्सवको उद्घाटन गर्दै मन्त्री राईले पुस्तकालयको स्तरोन्नती र विकासका लागि व्यक्तिगत रुपमा ३ लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन्।

महोत्सवको अवसरमा पुस्तकालय स्थापना कालदेखि २०५४ सालको कार्यसमितिसम्म सक्रिय भूमिका निर्वाह गर्ने विभिन्न ७५ जनालाई पदकसहिस सम्मान गरिएको छ। वि.सं. २००३ भदौ ३ गते 'प्रेम पुस्तकालय' नामबाट स्थापना भएको पुस्तकालयको पछि नाम परिर्वतन गरी महेन्द्र पुस्तकालय राखिएको थियो।

विगत एक दशकदेखि पुस्तकालको अवस्था अस्तव्यस्त रहेकोले वि.सं. २०७८ चैत २९ गते महेन्द्र पुस्तकालयको तदर्थ समिति गठन गरी क्रियाशील बनाइएको तदर्थ समितिका अध्यक्ष बलराम यादवले जानकारी दिए।

कार्यक्रममा स्वागत मन्तव्य तदर्थ समितिका उपाध्यक्ष पकंज कुमार श्रेष्ठले गरेका थिए। 'विद्यार्थी जीवनमा पुस्तकालयको महत्व' शीर्षकको बारेमा निवन्ध प्रतियोगिताको आयोजना पुस्तकालयले गरेको थियो। महेन्द्र पुस्तकालयले अमृत महोत्सव कार्यक्रममा स्थानीय विभिन्न माध्यामिक विद्यालयका प्रथम, दोस्रो र तृतीय स्थान हासिल गरेका विद्यार्थीहरुलाई नगद राशीसहित प्रमाण-पत्र र सहभागी भएका विद्यार्थीलाई सहभागिताको प्रमाण- प्रदान गरिएकको थियो। कार्यक्रममा विजेताहरुलाई पुरस्कार समेत प्रदान गरेको थियो।

तदर्थ समितिका सदस्य तथा प्राज्ञ सदस्य हरि प्रसाद तिमिल्सिनाद्वारा सञ्चालित कार्यक्रममा लुम्बिनी प्रदेशका वन बातावरण तथा भू-संरक्षण मन्त्री सुरेन्द्र हमाल, वरिष्ठ लेखक तथा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव सनत कुमार रेग्मी, वरिष्ठ लेखक तथा साहित्यकार नरेन्द्र जंग पिटर, खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर बिक (तुफान) लगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा लुम्बिनी प्रदेशका वन बातावरण तथा भूसंरक्षण मन्त्री सुरेन्द्र बहादुर हमाल, प्रदेशसभा सदस्य आइपी खरेल र प्रदेशसभा सदस्य कृष्णा केसी नमूना, नेपालगन्ज उप-महानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्ट, उप-प्रमुख कमरुद्दीन राई, खजुरा गाउँपालिका अध्यक्ष डम्बर बिक तुफान, पूर्व नगर प्रमुख बिजय कुमार गुप्त, तदर्थ समितिका सचिव सुदीप भट्टराई, नेपाल राष्ट्रिय आधारभूत विद्यालय घरवारीटोका प्राधानाध्यापक बीरेन्द्र यादव, कल्पना पौडेल जिज्ञासु, ऋषिराम सापकोटा, पुस्तकालयका पूर्व अध्यक्ष कन्हैयालाल टण्डन, लगायतको सहभागिता रहेको थियो।

# चोरीको मोटरसाइकलसहित १ जना पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ भदौ

चोरीका मोटरसाइकलसहित १ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा गढीमाई नगरपालिका वडा नम्बर ९ का २२ वर्षीय होसनारायण यादव रहेका जिल्ला प्रहरी कार्यलय रौतहटले जनाएको छ। उनलाई गत बुधबार प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले गरुडा नगरपालिका वडा नम्बर ४ पानी ट्याङ्की सडक खण्डामा प्र.३-०२-१३ प ३०९९ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल सहित उनलाई पक्राउ गरेको हो। थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए।

# कतारमा तीन संस्थाको संयुक्त तीज कार्यक्रम सम्पन्न



श्रीकृष्ण जन्माष्टमीको दिन नवलपरासी सेवा समाज, कार्ड्स अर्गनाइजेसन र नेपलिज ब्रदर्श रुम कतारको संयुक्त आयोजनामा तीज कार्यक्रम सम्पन्न भएको छ।

नेपाली नारीहरूको महान पर्व हरितालिका तीज विशेष कार्यक्रम कृष्ण पन्थीको अध्यक्षता तथा कार्ड्स अन्तर्राष्ट्रिय समितिका संयोजक केवी हमालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो।

उल्लेख्य महिला सहभागिता रहेको कार्यक्रममा दर खुवाउने कार्यलाई प्राथमिकता दिइएको थियो। मिठो दर खादै तीज गीतमा उपस्थित सबैजना रमेका थिए। महिलाहरूको पर्व भएको हुँदा महिला सहभागीलाई प्राथमिकता दिइएको कार्यक्रममा सन्ध्या अर्यालले स्वागत मन्तव्य राखेका थिइन्। कार्यक्रममा बोल्दै प्रमुख अतिथि हमालले ३ वटै संस्थाले सामाजिक कार्यमा फड्को मार्दै अगाडि बढेकोमा खुशी व्यक्त गरे। सभाध्यक्ष पन्थीले संयुक्त रूपमा कार्यक्रम गर्दा दोहामा राम्रो सन्देश गएको बताए। दुर्गा हमालले सहजिकरण गरेको कार्यक्रममा विभिन्न जिल्ला संस्थाका अध्यक्ष, प्रतिनिधि तथा महिला प्रतिनिधिहरुको बाक्लो उपस्थिति रहेको थियो।

# प्रवास डायरी

**तिलु शर्मा पौडेल/मध्यान्ह**

## प्रदेश नम्बर १ समन्वय परिषद् कतारको अध्यक्षमा पुनः कार्की



प्रदेश नं १ समन्वय परिषद् कतारको दोस्रो अधिवेशन सम्पन्न भएको छ। परिषद्का अध्यक्ष चूडामणि कार्कीको सभापतित्व तथा नेपाली राजदूतावास कतारका राजदूत डा.नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनबाट दोस्रो कार्यकालका लागि चूडामणि कार्की पुनः अध्यक्षमा निर्विरोध निर्वाचित बनेका हुन्।

नव निर्वाचित कार्यसमितिको उपाध्यक्षमा दुर्गा प्याकुरेल, महासचिव निरन नेपाल, कोषाध्यक्ष भीम बराइली रहेका छन्। सदस्यहरूमा पदम कुमार घिमिरे, एकराज राई, भोला बस्नेत, गोपीकृष्ण अधिकारी, गोपाल बस्नेत, शिव भुजेल, पदम बहादुर श्रेष्ठ, खडानन्द बास्कोटा, भीमबहादुर थापा र महेन्द्र उप्रेती रहेका छन्।

अधिवेशनमा दूतावासका द्वितीय सचिव प्रवीण भट्टराई, एनआरएनए आइसीसीका पदाधिकारी, एनसीसीका अध्यक्ष लगायत कतारमा स्थापित विभिन्न वैचारिक तथा सामाजिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा शुभकामना मन्तव्य राख्ने वक्ताहरूले प्रदेशको नामकरण नहुनुमा दुःख व्यक्त गरेका थिए। वक्ताहरूले प्रदेश १ ले कतारमा मात्र नभई नेपालमा समेत राम्रा कार्यहरू गर्दै आफूलाई अग्रणी संस्थाका रूपमा प्रमाणित गरी सकेको बताएका थिए। आफ्नो मन्तव्यको क्रममा प्रमुख अतिथि ढकालले कतारमा रहेका नेपालीले आफ्ना समस्या लिएर जति बेला पनि दूतावास आउन सक्ने बताए।

उनले कतारसँगको मैत्रीपूर्ण सम्बन्धलाई जोगाउनु आफू सहित कतारमा रहेका नेपालीको कर्तव्य रहेको बताए।

दुर्गा प्याकुरेलको स्वागत मन्तव्य, महासचिव निरन नेपालले सहजिकरण रहेको कार्यक्रमको समापन गर्दै सभापति कार्कीले कोरोना महामारीसँग सँगै संस्थाको अधिवेशन गर्न ढिलाइ भए पनी संस्था सधैं समाजमा रहेर सामाजिक कार्यमा सक्रिय रहेको बताए। 'समृद्धि हाम्रो सरोकार उद्यमशीलता यसको आधार' भन्ने मूल नाराका साथ सन् २०१७ मा प्रदेश नम्बर १ समन्वय परिषद् कतार सामाजिक संस्थाको रूपमा स्थापना भएको हो।

# इन्जिनियर घुससहित पक्राउ

**तनहुँ/मस**– ७५ हजार रुपैयाँ घुस लिएको अभियोगमा तनहुँको दमौली बजारबाट इन्जिनियर पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरीको बोदेबर्साइन नगरपालिका घर भई शिक्षा विकास तथा समन्वय एकाइ स्याङ्जाका इन्जिनियर अम्लेशकुमार निक्लम रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

स्याङ्जास्थित एक विद्यालय पुनःनिर्माणका क्रममा घुस मागेको अभियोगमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले निजलाई दमौलीस्थित एक होटलबाट नियन्त्रणमा लिएको हो। 'निजलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयसँग समन्वय गर्दैछौं', प्रहरी नायब उपरीक्षक युवराज खड्काले भने, 'पक्राउ परेका प्राविधिक करारका कर्मचारी रहेको बुझिएको छ।'

विद्यालयको भवन पुनःनिर्माणका क्रममा अन्तिम निकाशाका लागि काम गरिदिनका लागि निजले रकम माग गरेको बताइएको छ। केही समय पहिलादेखि नै रकम माग गर्दै आएका उनलाई शनिबार दमौलीमा रकम दिने शर्तसहित बोलाइएको थियो। उनी बिहान सप्तरीबाट दमौली आइपुगेका थिए। इन्जिनियर निक्लम शिक्षा विकास तथा समन्वय एकाइ स्याङ्जामा असार मसान्तसम्म करारमा कार्यरत थिए। साउन १ गतेदेखि करारमा कार्यरत कर्मचारीको म्याद नथपिएका कारण उनी कार्यालयमा हाजिर नरहेको शिक्षा विकास तथा समन्वय एकाइ स्याङ्जाका प्रमुख गुरुप्रसाद पौडेलले जानकारी दिए।

मध्यान्ह
www.madhyanhadaily.com
५ भदौ २०७९, आइतबार
21 August 2022, Sunday

सम्पादकीय

## अनुदार दलहरु

नेकपा माओवादी केन्द्रले लामो समयपछि केन्द्रीय पदाधिकारी शनिबार टुंग्याएको छ । केन्द्रीय कमिटीले दिएको अधिकार प्रयोग गरी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २१ सदस्यीय पदाधिकारी टुंग्याएका हुन् । गएको पुसमा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनले १५ सदस्यीय पदाधिकारी राख्ने प्रस्ताव पारित गरेको थियो । तर थप ६ सदस्यीय बढाएर केन्द्रीय पदाधिकारी टुंग्याउँदा पनि माओवादी केन्द्र आलोचना मुक्त हुन सकेन ।  माओवादी केन्द्रले ३५ प्रतिशत महिला, २० प्रतिशत युवा, १५ प्रतिशत दलित सहभागिता सुनिश्चित गर्ने नीति लिएको थियो । तर पम्फा भुसाल बाहेक अरू महिला पदाधिकारीमा परेनन् । दलित र मुस्लिम जस्तो ठूलो क्लस्टरबाट कोही पदाधिकारी परेनन् । चार जनजाति नेतालाई पदाधिकारी बनाइएको छ । तर यो समस्या माओवादी केन्द्रको मात्रै होइन ।

नेकपा एमालेको पदाधिकारी पनि समावेशी छैन । १९ सदस्यीय पदाधिकारीमा अष्टलक्ष्मी शाक्य र पद्या अर्याल मात्रै महिला हुन् । कार्यकारी भूमिकामा रहने अध्यक्ष र महासचिव दुवै खस/आर्य पुरूष छन् । तुलनात्मक रूपमा नेपाली कांग्रेस समावेशी छ । तर खुला कोटाबाट एउटै समुदाय र लिंगका छन् । सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना एक्लो महिला पदाधिकारी हुन् । बाँकी सबै पुरूष छन् । नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले पनि समावेशी अनुहार पदाधिकारी समेट्न सकेका छैनन् । यसले दलहरूमा समावेशी सहभागिताप्रतिको प्रतिबद्धता शब्दमा मात्रै रहेको पुष्टि हुन्छ । तर सबै दलमा पार्टी प्रमुख भने अथाह शक्तिशाली छन् ।

यसको अर्थ प्रमुख नेता शक्तिशाली हुने, तर समाजको प्रतिविम्व दलहरूमा नदेखिने समस्या देखिन्छ । विशेषगरी महिलाका हकमा दलहरू अनुदार देखिएका छन् । जबकी दलहरूको आयु यो व्यवस्था र संविधान बलियो हुँदा हुने हो । अनि व्यवस्था र संविधान बलियो बनाउन संवैधानिक व्यवस्था कार्यान्वयन गरिन जरूरी छ । तर त्यसतर्फ नेताहरूको ध्यान गएको देखिदैन । एउटै समुदाय र लिंगका नेताहरूले नेतृत्व गर्ने प्रवृत्ति पुराना दलमा मात्रै नभएर नयाँमा पनि देखिन्छ । यसले न नागरिक उत्साह बढाउँछ, न त संवैधानिक व्यवस्था सुदृढ हुन्छ । त्यसैले यसतर्फ ध्यान दिन जरूरी छ, परिवर्तनको अनुभूति शब्दमा नभएर व्यवहारमा देखाउन आवश्यक छ ।

# फोहोरमाथिको राजनीति

*यतिका वर्षसम्म सिसडोलबासीले राखेका माग पुरा गर्न सरकार किन चुक्यो ? फोहोरलाई व्यवस्थित गर्ने र डम्पिङ साइटका गाउँबस्तीमा बस्नेहरूको स्वास्थ्यमा ख्याल गर्ने, सडक बनाउनेलगायतका मागहरू किन पुरा भएनन् ? यसको खोजीमा कोही पनि देखिएका छैनन् ।*

अग्रलेख



● गोविन्द विक

काठमाडौंमा थुप्रिएको फोहोरमाथि फोहोरी राजनीतिको खेल छाताछुल्ल हुँदैछ । बन्चरे डाँडामा स्थानीयको अवरोध निरन्तर भएपछि काठमाडौंको फोहोर सडकमा थुप्रिएको छ । प्रहरीको सहायताले केही फोहोरका गाडी बन्चरे डाँडामा जान थालेका छन् । आवश्यक मात्रामा फोहोरका गाडीलाई परिचालन गर्न समस्या देखिएको समाचारहरु सञ्चारजगतमा आइरहेको छ । तर, काठमाडौंको फोहोरको समस्या यो पहिलो पटक देखिएको भने होइन । विगतका वर्षहरुमा पनि फोहोरको समस्या देखिइरहेको थियो । सिसडोल बन्चरे डाँडामा स्थानीयहरुले फोहोर फाल्न अवरोध गरेको यो पहिलो पटक पनि होइन । काठमाडौंको फोहोर अवरोधका कारणहरुको बारेमा महानगर तथा केन्द्र सरकार सबै जानकार नै हुनुपर्छ । विद्यासुन्दर शाक्य मेयर भएको समयमा पनि कयौं दिन काठमाडौंको फोहोर सडकमा थुप्रिएको थियो । समस्या निरन्तररूपमा बल्झीरहने तर, दिर्घकालिन समाधानमा जिम्मेवार निकायले ध्यान नदिँदा आज काठमाडौंबासी हैजाको जोखिकमा छन् । बन्चरे डाँडामा काठमाडौं महानगरको मात्र फोहोर जाने जस्तो व्यवहारहरु अहिले भइरहेको देखिन्छ । फोहोरको जिम्मा काठमाडौंका मेयर बालेन्द्र शाहले मात्र लिएको र बालेन्द्रको मात्रै जिम्मेवारी हो जस्तो व्यवहारहरु पनि भइराखेको छ । यतिका वर्षसम्म सिसडोलबासीले राखेका माग पुरा गर्न सरकार किन चुक्यो ? फोहोरलाई व्यवस्थित गर्ने र डम्पिङ साइटका गाउँबस्तीमा बस्नेहरुको स्वास्थ्यमा ख्याल गर्ने सडक बनाउनेलगायतका मागहरु पुरा किन भएनन् ? यसको खोजीमा कोही पनि देखिएका छैनन् ।



काठमाडौंको फोहोर व्यवस्थापनमा महानगरका मेयरले ठोस काम गर्न नसकेको भन्दै मेयरमाथि चौतर्फी दवाब सिर्जना भएको छ । गठबन्धन सरकारका नेताहरु "फोहोर व्यवस्थापन हुनुपर्छ, सिसडोलवासीका माग पुरा गर्नुपर्छ" भन्दै भाषण गर्छन्, उता फोहोरका गाडी अवरोध गर्नेमा तिनै गठबन्धन दलका कार्यकर्ता अग्रमोर्चामा देखिन्छन् । गठबन्धन दलका नेताहरुले नै फोहोरमाथि फोहोरी राजनीतिको चलखेल गरेका हुनाले त्यसको पीडा नगरबासीले भोगिरहेका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचन्ड'का घरबेटीले सडक ठेक्का लिन्छन् अनि काम पुरा नगरी अलपत्र पार्छन् र सडक बिग्रिएपछि फोहोर बोकेर गएका गाडी गन्तव्यमा पुग्दैनन् । सडक बन्नु पर्‍यो भनेर त्यस क्षेत्रका जनता आन्दोलनमा उत्रन्छन् अनि फोहोर अवरोध हुन्छ । महानगरले रातारात प्रचन्डका घरबेटीले अलपत्र बनाएको बाटो कसरी बनाउला ? बन्चरे डाँडामा फोहोर अवरोध हुनुमा केन्द्र सरकार महानगर त्यस क्षेत्रबाट चुनाव जित्ने सांसद सहरी विकास मन्त्रालय सबै पक्ष जिम्मेवार छन् । एकले अर्कोलाई देखाएर फोहोरमाथि फोहारी राजनीति तिब्ररूपमा भएको छ । फोहोरी राजनीतिको चपेटामा महानगरका मेयर फोहोर व्यवस्थापन गर्न भौतारिरहेका छन् । महानगरका वडा अध्यक्ष कार्यपालिका सदस्यहरु सबै फोहोर नउठनुमा मेयरकै कमजोरी ठान्छन् भने राजनैतिक दल त्यस क्षेत्रको सांसदले दोहोरो भूमिका खेलिरहेको पत्ता कमैलाई छ । गठबन्धन दलका कार्यकर्ता फोहोरको गाडी रोक्न गुलेली लिएर किन सडकमा आए ? काठमाडौंमा थुप्रिएको फोहोरबाट निस्कने हैजाले नेताहरुलाई नछुने त हैन होला । कसको कमजोरीले पटक-पटक फोहोर व्यवस्थापनमा अवरोध हुँदैछ ? महानगरलगायत अन्य थुप्रै नगरपालिकाको फोहोर बन्चरे डाँडामा जान्छ । तर, फोहोर अवरोधको दोष महानगरका मेयरमाथि मात्रै आउनुको रहस्य के हो ? बन्चरे डाँडाका बासिन्दाले जिताएर पठाएको सांसद कता लुकेका छन् ? फोहोर अवरोध भइरहदा माहानगरका मेयरलाई किन सहयोग भएन ?

> *फोहोरमाथि राजनीति गरेर दोहोरो चरित्र प्रदर्शनमा लाग्नुभन्दा पनि साझा समस्या बुझेर समाधानमा लाग्नु नै राजनैतिक दलका लागि उत्तम विकल्प हुन जान्छ । नगरप्रमुखमाथि दोष थुपारेर असफलताको तालीमा रमाउनुभन्दा पनि विगतमा गरिएको सम्झौताहरुलाई क्रमश: कार्यान्वयनमा लैजाने मार्गतिर सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।*

विभिन्न दलका नेता प्रधानमन्त्रीलाई महानगर प्रमुखले भेटेर फोहोर व्यवस्थापनमा सहयोग गर्न अनुरोध गरेपछि फोहोर व्यवस्थापनमा केही सहजता हुने आस पलाएको छ ।

केही समय फोहोर उठेपनि फेरी समस्या बल्झीनेमा कुनै दुविधा नै छैन् । फोहोर व्यवस्थापनलगायतका जनमुखी काम गर्न महानगरको मेयर कुनै दलविषेशबाट नै चुनिनु पर्छ भन्ने सन्देश फोहोर व्यवस्थापनमा अवरोध गरेर दिन खोजिएको हो भन्नु बुझाइ धेरैको छ । स्वतन्त्ररूपमा चुनाव जितेर आउनेहरुलाई काम गर्न कठिन हुन्छ भन्ने भ्रम जनतामा छर्नका लागि तल्लीन जमातको मनोविज्ञान आज सफल भएको हो भन्ने देखिन्छ । काठमाडौंको फोहोर व्यवस्थापनको समस्यामा प्रधानमन्त्रीको चासो नै थिएन । सहरी विकास मन्त्रालय त झनै अनदेखा गरिरहेको थियो । गठबन्धनका नेताहरु यता फोहोर उठ्नु पर्छ भन्ने उता उनीहरुकै कार्यकर्ताले अवरोध गर्ने दोहोरो भूमिका खेलिरहेका थिए र छन् । यी र यस्तै सवालहरुले गर्दा आज फोहोर व्यवस्पन फलामको चिउरा बनिरहेको छ । स्वतन्त्रबाट चुनाव जितेर महानगर प्रमुख बनेका बालेन्द्र शाह फोहोर व्यवस्थापनमा सबै निकायसँग समन्वयको कोशिस गरिरहेका छन् । काठमाडौंको फोहोर व्यवस्थापन सबैको साझा समस्या हो भन्ने दृष्टीकोणबाट प्रमुख बालेनको सक्रियता भइनै रहेको छ । तर पनि फोहोर व्यवस्थापनमा सोचेको सफलता हात परेको छैन ।

चाडहरु संघारमा आएका छन् । समुदायगत पर्व गाइजात्रा चलिरहेको छ । काठमाडौंको मुख्य कोर एरियामा फोहोर गन्ध त्यत्तिकै छ । फोहोरमा अवरोध हुने वित्तिकै विभागीय मन्त्रीको चासो किन देखिएन । फोहोर व्यवस्थापनमा महानगरको काम के हो ? विभागीय मन्त्रालयको काम के हो ? प्रधानमन्त्रीको भूमिका कहाँनेर हुन्छ ? सिसडोलबासीको जिम्मेवारी के हो ? सम्बन्धित क्षेत्रबाट चुनाव जितेर सांसद भएकाहरुको भूमिका के हो ? महानगरका वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुको भूमिका के हो ? लगायतका विषयमा गम्भीर बहस गर्न आवश्यक छ । सबै पक्षले आ-आफ्नो जिम्मेवारी र भूमिका निभाएको अवस्थामा फोहोरको समस्या समाधानको दिर्घकालिन नतिजा देखिन सक्छ । फोहोरबाट काठमाडौंमा हैजा फैलियो भने त्यसको मूल्य सरकारले नराम्ररी चुकाउनु पर्ने हुन्छ । हुन त गठबन्धन सरकारको कुरा गर्दा गठबन्धनका प्रधानमन्त्रीलाई यस्ता विषयमा कुनै सक्रियता र चासो दिनु नै छैन । ज्योतिषले ७ पटक प्रधानमन्त्री बन्छस् भन्ने कुराले मात्रै प्रधानमन्त्री देउवालाई चासो भएको छ भन्ने बुझ्न कठिन छैन । देउवा प्रधानमन्त्री हुँदा न हिजो केही भएको थियो न आज केही भएको छ । साँच्चै जनताको समस्यामा पिर गर्ने प्रधानमन्त्री भएका हुन्थे भने काठमाडौंको फोहोर सहरमा थुप्रिएको हेरेर बस्ने थिएनन् होला । एमाले निटक युवा संघले केही सडकमा फोहोर उठाउन थालेको छ । त्यो राम्रो काम हो तर, हिजोको दिनमा एमाले कै दुई तिहाइको सरकार हुँदा एमालेकै विद्यासुन्दर शाक्य नगरप्रमुख हुँदा सिसडोलवासीका माग पुरा गर्न सडक बनाउनका लागि सरकारलाई दवाव दिने काम युवा संघबाट किन भएन ? विद्यासुन्दर शाक्य नगर प्रमुख हुँदा फोहोर व्यवस्थापनमा दिर्घकालिन योजना बनोस भनेर युवा संघले शाक्यलाई किन भनेनन् ? आज सडकको फोहोर उठाएर जनमुखी बन्न खोजिरहनेहरुलाई प्रश्न हो यो । सार्वजनिक सवालमा सबै पक्षको सकारात्मक चासो र सहयोग भयो भने मात्र सफलता चुम्न सकिन्छ । काठमाडौंको फोहोर कुनै नीजि मामला नै हैन । र कुनै नौलो समस्या पनि हैन । पुरानो समय-समयमा बल्झीरहने समस्या भएकोले सबै पक्षको ध्यान जान जरुरी छ ।


फोहोरलाई राजनीतिकरण गरेर एउटा व्यक्तिको असफलतामा रमाउनेहरुदेखि जनता सचेत हुनु आवश्यक छ । फोहोरमा गरेको राजनीतिले कसैलाई पनि सत्तामा पुऱ्याउँदैन । फोहोर व्यवस्थापनमा महानगर सफल भयो भने दलकै सहयोगमा सफल भएको भन्ने सन्देश जान्छ, जसका कारण नजिकिएको चुनावका दललाई फाइदा हुने हो । त्यसैले फोहोरमाथि राजनीति गरेर दोहोरो चरित्र प्रदर्शनमा लाग्नुभन्दा पनि साझा समस्या बुझेर समाधानमा लाग्नु नै राजनैतिक दलका लागि उत्तम विकल्प हुन जान्छ । नगरप्रमुखमाथि दोष थुपारेर असफलताको तालीमा रमाउनुभन्दा पनि विगतमा गरिएको सम्झौताहरुलाई क्रमशः कार्यान्वयनमा लैजाने मार्गतिर सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

सामाजिक सञ्जाल



- राधाकृष्ण कटवाल

नागरिता विधेयकमा एमालेको दोहोरो चरित्र : सामान्य अवस्थामा संसद अवरूद्ध गर्ने एमालेले विवादित नागरिक विधेयक सहजै पास गर्न दिएको छ । राष्ट्रवादी पार्टी बन्ने आकांक्षामा एमालेले राष्ट्रपतिलाई पनि प्रयोग गरि विधेयक फिर्ता गर्न लगाएको हो । "नक्कली राष्ट्रवादमा नागरिता विधेयक" पहिला फेल, अब पास !



- मानवी पौडेल

धरानका मेयरले काठमाडौंको फोहोर नउठाउन्जेल मैले बालेनलाई खबरदारी गरेको गन्यै गर्छु भनेछन् । काठमाडौंको समस्या फोहोर नउठ्नु होइन, उठेको फोहोरलाई व्यवस्थापन गर्ने ठाउँसम्म पुग्ने बाटो र त्यहाँको अवरोध हो । त्यसको प्रमुख भिलेन उनले काँध जोडेर गएका प्रचण्ड हुन् भनेर कसैले सम्झाइदिए हुने नि !



- सुर्यराज आचार्य

नेपालमा लोकतन्त्रका नाममा दल/नेताको सत्ता-सिन्डिकेट र तमाम विसंगतीको हतियार बनेको छ, संसदीय प्रणाली । ५४ सालसम्ममा नै नेपालमा संसदीय प्रणालीको अनुपयुक्तताको संकेत देखिएको थियो । तर झन् यौटा दलको बहुमत कहिल्यै आउन नसक्ने संसदीय प्रणाली अपनाइयो । विकल्पः प्रत्यक्ष निर्वाचित कार्यकारी !



- सेतेमान तामाङ

जहाँ जातीय प्रथा र धार्मिक विभेद रहेको हुन्छ, त्यहाँ न सामाजिक सद्भाव कायम रहन सक्छ, न त समुदायहरू बीच आपसी एकताको भावना प्रकट हुन्छ । बरू एक-अर्कामा दुश्मनीको रूपमा अविश्वास पैदा भई सम्प्रदायिक दंगा फैलाउने, देशको अवस्था ध्वस्त हुने र जनता विस्थापित हुने निश्चित वातावरण बन्न पुग्छन् ।




- ओमकुमार थापा

फोहोर सोर्न नसक्नेले के फुइँ लाउनु भनेर हर्कले बालेनप्रति कटाक्ष त गरे तर, धरानको फोहोर चाहिँ जंगलमा लगेर डढाउने गरिँदो रहेछ । जसको असर जनतालाई परिरहेको कुरा थाहा छैन वा मतलब नगरेर सामाजिक सञ्जालमा दोहोरी मच्चाउनेले बुझ्नुपर्छ अर्ती दिन जति सजिलो छ काम गर्न त्योभन्दा पनि गाह्रो छ ।

# क्रान्तिकारीहरुले विद्रोहको आँट गर्नुपर्छ

विचार



● नारायण शर्मा

आज हाम्रो देशका पार्टी र तिनका मुख्य-मुख्य नेताहरु केहीले टिप्पणी गरेजस्तै फटाह र गद्दार भैसकेका छन् ! तर तिनीहरुका विरुद्धमा वैचारिक-राजनीतिक संघर्ष गरेर तिनलाई रूपान्तरण गर्न सकिन्छ भन्ने एउटा मृगतृष्णा केही नेता तथा कार्यकर्तामा भने बाँकी नै छ । के ती साँच्चै रूपान्तरण हुन्छन् त ? हुने भए त माओवादी केन्द्रभित्र देव गुरुङहरुले, एकीकृत समाजवादीभित्र झलनाथ खनालहरुले, एमालेभित्र भीम रावल र घनश्याम भुसालहरुले र नेपाल समाजवादीभित्र डम्बर खतिवडाहरुले सामान्य विद्रोह गरेकै छन् । तर, खोइ त रूपान्तरण भएका यी लाउके नेताहरु ? प्रचण्ड, माधव, केपी र बाबुरामलगायतका यी हठी र दम्भी युद्ध सरदार बनेका नेताहरु त झन् पछि झन् साम्राज्यवादी-विस्तारवादीहरुको दलाली गर्दै र नेपाल राष्ट्र, नेपाली जनता र नेपाली क्रान्तिप्रति गद्दारी स्वरूप अन्ततः वर्ग, वर्गसंघर्ष, वर्गीय विचार, भावना र व्यवहारलगायतका आफ्ना घोषित मूल्य-मान्यता र प्रण-प्रतिबद्धताअरुलाई पूराका पूरा बिर्सेका र बिसर्जन गरेका छन् । यतिमात्र होइन, यिनीहरु नै अहिले त कम्युनिस्ट पार्टी, आन्दोलन र क्रान्ति एवम् राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान, स्वत्व र अस्तित्व नै समाप्त पार्ने दिशामा म्याराथन दौडको प्रतिस्पर्धामा देखिन्छन् । यसरी यी नेताहरुले यतिबेला त साम्राज्यवादी-प्रतिक्रियावादीहरुको प्यारो बन्ने र उनीहरुको पक्का प्यादा भएको प्रमाणपत्र स्वरूप नोबेल पुरस्कारलगायतका प्रतिक्रियावादी पुरस्कारहरु पनि प्राप्तगर्ने लक्ष्य तथा उद्देश्यमा अर्जुन दृष्टि लगाइरहेका छन् । त्यसैले प्रस्ट छ, प्रतिकृयावादीहरुबाट पाउने पद/पावर, पैसा, प्रसंशा, पुरस्कार र प्राणजस्ता जन्य तुच्छ कुराहरुका भिक्षाका निम्ति नितान्तः लोभी, लाचार र कायर बनेर वर्गीय र राष्ट्रिय दुश्मनहरुसँग पूर्णरूपेण आत्मसमर्पण गरिसकेका छन् ।

यी नेता भनाउँदा घातकी र पातकीहरुले वर्गवैरीहरुसँग नेपाल राष्ट्र र कम्युनिस्ट आन्दोलनलाई विभाजन, विघटन र विसर्जन गर्ने लिखित कसमसमेत खाएका कुराहरु यत्र-तत्र-सर्वत्र सार्वजनिक छन् । यसरी यी नेता भनिएकाहरु पूर्णतः दलाल र गद्दार बनिसकेकाले यी नेताहरुमा र यीनले नेतृत्व गरेका पार्टी/गिरोहहरुमा रूपान्तरणको रत्तिभर पनि गुन्जाइस छैन ।

> *एमसीसी, एसपीपी र नागरिकता विधेयकजस्ता कुरा स्वीकृत गर्नेसम्मको घटनाहरु हुँदा पनि क्रान्तिकारी भन्ने शक्ति मुकदर्शक र साँची बनेर बस्नु कदापी सही होइन । जनताको न्याय, समानता र स्वतन्त्रताका निम्ति लड्ने नेताहरुले आफ्नै पार्टी गलत दिशामा गयो भने विद्रोह गर्ने आँट गर्नुपर्छ । यदि पार्टीका हरेक निर्णयमा साँक्षी मात्रै बन्छ भने त्यो कदापी क्रान्तिकारी हुन सक्दैन । अहिले नेपाली कम्युनिष्टभित्र यो विषय समीक्षाको रुपमा उठेको छ ।*

खासगरी एमसीसी, एसपीपी र नागरिकता विधेयक स्वीकृत गर्नेसम्मको हालको यो अवस्थामा आइपुग्दा त माथि उल्लेखित पार्टीहरुभित्र न्याय, समानता, स्वतन्त्रता, क्रान्ति, मुक्ति र प्रगतिको लागि उल्लेख्य संघर्ष गरिरहेका उक्त नेताहरुले आफ्नो लागि, देशको लागि र शोषित-पीडित जनसमुदायका लागि विद्रोह गर्ने बाहेको उपयुक्त विकल्प अर्को त छँदैछैन । अझ यो विद्रोह त उल्लेखित कथित राष्ट्रिय पार्टी भनिएका सरकार र संसदमा भएका संसदवादी पार्टीहरुमा मात्र होइन, सडकमा रहेका राष्ट्रवादी र क्रान्तिकारी भनिएका त्यागी, तपस्वी, स्वच्छ र सिद्धान्तनिष्ठ गनिएकाहरुले समेत यति लामो अवधिसम्म पनि चरम राष्ट्रघाती एमसीसी, एसपीपी र नागरिकता विधेयकजस्ता राष्ट्रियतासँग सम्बन्धित दीर्घकालीन महत्वका गम्भीर र संवेदनशील विषयहरुलाई सरकार र संसदले हठात् र बलात् अवलम्बन र कार्यान्वयन गर्दा पनि तिनका विरुद्धमा कुनै सशक्त, संयुक्त, प्रभावकारी र परिणाममुखी संघर्षसमेत संगठित गर्न सकेनन् । साथै, यिनले आजसम्म पनि क्रान्तिको न कुनै ठोस तयारी, सुरुवात र विकासको दिशामा सिन्को भाँच्न सकेका छन् न त पार्टीलाई व्यापक र बलियो बनाउन सकेका नै छन् । तसर्थ, खाली दिन काट्ने र काल पर्खने गरेका संकी, संकीर्ण, जड, आग्रही, पूर्वाग्रही, प्रतिशोधी र अहंकारी बयोबृद्ध नेता-पण्डाहरुका पार्टी-गुटभित्र रहेर यथासक्य संघर्ष गरिरहेका सच्चा क्रान्तिकारी कम्युनिस्टहरुले पनि आ-आफ्ना पार्टी-गुट र नेता-पण्डाहरुका विरुद्धमा विद्रोह बुलन्द गर्नु बाहेकको अर्को बिकल्प पनि छैन ।

विभिन्न पार्टीहरुबाट विद्रोह गर्दै स्वतन्त्र भएर पनि देश, जनता, क्रान्ति र मुक्तिको लागि कृयाशील रहेका वा कुन्ठा, आक्रोश, निराशा, पलायनजस्ता चिन्तन-प्रवृत्तिका शिकार भई चुप लागेर बस्दै आफ्नो क्रान्तिकारी उर्जा खेर फालिरहेका सच्चा, स्वतन्त्र, स्वविवेकी, स्वाधीन र स्वाभिमानी क्रान्तिकारी/प्रेमीहरुले समेत आ-आफ्ना सिमित र संकुचित सोंच, शक्ति, संस्था र संघर्षबाट माथि उठेर आफैभित्र एकप्रकारको विद्रोह गर्नुसमेत जरुरी छ । तत्पश्चात् यी सबै विद्रोही क्रान्तिकारी कम्युनिस्टहरु एउटै शक्तिमा एकीकृत हुने, एउटै केन्द्रमा केन्द्रीकृत हुने र एउटै ध्रुवमा ध्रुवीकृत हुने अनि राष्ट्रिय र वर्गीय मुक्ति आन्दोलनको महाअभियानमा अविलम्ब गोलबन्द र लामबन्द हुने गर्नु अनिवार्य छ । यो नै अहिले तत्कालको लागि नेपाल र नेपाली जनताको मुक्ति र क्रान्तिको निम्ति सर्वाधिक महत्वको अत्यन्त जरुरी काम कारबाही हो ।

एमसीसी, एसपीपी र नागरिकता विधेयक स्वीकृत गर्नेसम्मको घटनाहरु हुँदा पनि क्रान्तिकारी भन्ने शक्ति मुकदर्शक र साँची बनेर बस्नु कदापी सही होइन । जनताको न्याय, समानता र स्वतन्त्रताका  निम्ति लड्ने नेताहरुले आफ्नै पार्टी गलत दिशामा गयो भने विद्रोह गर्ने आँट गर्नुपर्छ । यदी पार्टीका हरेक निर्णयमा साँक्षी मात्रै बन्छ भने त्यो कदापी क्रान्तिकारी हुन सक्दैन । अहिले नेपाली कम्युनिष्टभित्र यो विषय समीक्षाको रूपमा उठेको छ ।

*(लेखक वामपन्थी विश्लेषकका रूपमा परिचित छन् ।)*

## युक्रेनको परमाणु केन्द्रमा राष्ट्रसंघलाई अनुगमन गर्न दिइने




**काठमाडौं/एजेन्सी–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले संयुक्त राष्ट्रसंघका अधिकारीलाई कब्जामा रहेको जापोरिजा परमाणु केन्द्रको भ्रमणका लागि स्वीकृति प्रदान गर्ने बताएका छन्। युक्रेनको परमाणु उर्जा केन्द्र हाल रुसको कब्जामा छ। त्यहाँ गोलाबारी जारी रहँदा परमाणु केन्द्रमा हुन सक्ने सम्भावित विपदलाई लिएर चासो र चिन्ता बढिरहेको छ।

रुसले केन्द्रबाट उत्पादित विद्युत युक्रेनी ग्रिडबाट अलग गर्ने तयारी गरेको आरोप युक्रेनले लगाउँदै आएको छ। पुटिन र फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोँबीच भएको टेलिफोन वार्तापछि रुसले यो घोषणा गरेको हो। यसअघि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले केन्द्रको अवस्थालाई लिएर चिन्ता व्यक्त गरेका थिए।

मार्च महिनाको सुरुदेखि त्यस क्षेत्र रुसको नियन्त्रणमा छ। तर युक्रेनी प्राविधिकहरू अझै त्यहाँ रुसीहरूको निर्देशनमा काम गरिरहेका छन्। फ्रान्सेली र रुसी नेताहरूबीचको कुराकानीपछि जारी विज्ञप्तिमा क्रेमलिनले उक्त केन्द्रमा पहुँचका लागि राष्ट्रसंघीय निगरानीकर्ताहरूलाई ' आवश्यक सहायता गर्न' पुटिन सहमत भएको जनाएको छ।

दुवै नेताहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय आईएईएका विज्ञहरूलाई पठाएर त्यहाँको वास्तविक अवस्थाको मूल्यांकन गर्ने काम महत्त्वपूर्ण हुने बताएको क्रेमलिनले जनाएको छ।

राष्ट्रसंघीय परमाणु निगरानीकर्ता निकाय आईएईएका महानिर्देशकले पुटिनको वक्तव्यको स्वागत गर्दै सो प्लान्टमा जाने टोलीको नेतृत्व आफैले गर्न खोजेको जनाएका छन्। 'यो निकै अस्थिर र नाजुक अवस्थामा विश्वको ठूलोमध्येको परमाणु ऊर्जा केन्द्रको सुरक्षालाई थप जोखिममा पार्नसक्ने कुनै नयाँ कदम नचाल्नु निकै महत्त्वपूर्ण छ,' रफायल ग्रोसीले भने।

युक्रेनी अधिकारीहरूले उक्त परिसरलाई रुसले सैन्य आधारको रूपमा प्रयोग गरिरहेको बताएका छन्। किएभले त्यहाँ सैन्य उपकरणहरू, हतियार र झण्डै ५०० को संख्यामा सैनिकहरू तैनाथ गरेको जनाएको छ। ती फौजले केन्द्रलाई ढाल बनाएर निपर नदीसँगै रहेका नगरहरूमा हमला गरिरहेको युक्रेनी अधिकारीहरूको भनाइ छ। पछिल्ला साताहरूमा उक्त केन्द्र आसपासका क्षेत्रमा भीषण हवाई हमलाहरू भएका थिए। जसका लागि किएभ र मस्कोले एक अर्कालाई दोष लगाएका छन्।

बिहीवार गुटेरस र टर्कीका राष्ट्रपति रेजेप तयि्यप एर्दोआनसँगको बैठकमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले उक्त ऊर्जा केन्द्रमा रुसले नियतवश हमलाहरू गरिरहेको भन्दै त्यसको निन्दा गरेका थिए।

निगरानिकर्ताहरूलाई प्रवेश अनुमति दिने इच्छा देखाए तापनि रुसी अधिकारीहरूले त्यस क्षेत्रलाई सैन्यकृत गर्नुपर्ने अन्तर्राष्ट्रिय मागलाई सिधा अस्वीकार गरेका छन्। रुसी विदेश मन्त्रालयको सूचना तथा प्रेस विभागका एकजना सहनिर्देशकले शुक्रवार त्यस्तो कदमले उक्त प्लान्टलाई अझ बढ्ता जोखिमपूर्ण बनाउने बताएका थिए। यसैबीच रुसले राष्ट्रसंघीय सुरक्षा परिषद्लाई एउटा पत्र पठाउँदै त्यसमा जापोरिजा परमाणु ऊर्जा प्लान्टमा युक्रेनले उक्साहटपूर्ण व्यवहार गरेको भन्ने विवरणहरू समेटेको छ।

## उत्तर भारतमा बाढीमा परी १५ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको उत्तरी पहाडी राज्य हिमाचल प्रदेशमा शनिबार अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परी कम्तीमा १५ जनाको मृत्यु हुनाका साथै अन्य आठ जना बेपत्ता भएको टाइम्स अफ इन्डियाले जनाएको छ।

बेपत्ताहरुको खोजी कार्य जारी रहेकाले मृतकको संख्या बढ्न सक्ने आशंका गरिएको छ। अविरल वर्षाले राज्यको मण्डी र चम्बा जिल्ला सबैभन्दा बढी प्रभावित भएको बताइएको छ। मण्डी जिल्लाका एक बासिन्दाले सिन्ह्वालाई फोनमा भनेका छन्, 'यी ठाउँहरूमा सामान्य जनजीवन अस्तव्यस्त भएको छ।'

रिपोर्टका अनुसार मण्डी जिल्लाको एउटा गाउँमा पहिरोमा परी घर भत्किँदा एकै परिवारका आठ जनाको मृत्यु भएको छ। उनीहरुको शव फेला परिरसकेको छ।

सोही जिल्लामा छुट्टै बाढीमा दुई जनाको मृत्यु भएको छ भने पाँच घर डुबानमा परेका छन्। यसबाहेक चम्बा जिल्लामा पहिरोले घर भत्किँदा एक महिलासहित तीन जनाको मृत्यु भएको छ। बाढी र पहिरोका कारण घर भत्किने यस्ता थुप्रै घटनाहरू अन्यत्र पनि रिपोर्ट गरिएको छ जसमा कम्तीमा दुई जनाको मृत्यु भएको बताइएको छ। सो क्षेत्रहरूमा स्थानीयहरूलाई सचेत रहन आग्रह गरिएको छ।

## फिनिस प्रधानमन्त्री मरिनले गरिन् लागुऔषध परीक्षण




**काठमाडौं/एजेन्सी–** एकजना फिनिस पपस्टार ओलाभी उसुभिर्तासँग नाच्दै गरेको आफ्नो अर्को भिडियो फुटेज पनि सार्वजनिक भएपछि फिनल्यान्डकी प्रधानमन्त्री सान्ना मरिनले आफूले लागुऔषध परीक्षण गराइसकेको बताएकी छन्। यसैसाता आफ्ना मित्र तथा अन्य चर्चित व्यक्तित्वहरूसँग पार्टी मनाउँदै गरेको एउटा भिडियो अनलाइनमा भाइरल भएपछि विपक्षी राजनीतज्ञिहरूले उनले लागुऔषध सेवन गरे/नगरेको परीक्षण गर्नुपर्ने बताएका थिए।

राजधानी हेलसिन्कीमा आयोजित पत्रकार सम्मेलनमा ३६ वर्षीया मरिनले शुक्रबार आफूले गराएको लागुऔषध परीक्षणको परिणाम आगामी साता आउने जानकारी दिएकी छन्।

आफ्नो निजी गतिविधिका तस्बिर खिचाउन नहिच्किचाउनले उनले पुनः एकपटक आफूले पार्टीमा रक्सी मात्र पिएको तथा कुनै लागुऔषध सेवन नगरेको अडान दोहोऱ्याएकी छन्।

उनले पत्रकारहरूसँग भनिन्, 'मैले त्यस्तो कुनै अवैध काम गरेकी छैन। मैले आफ्नो किशारोवास्थामा समेत कुनै पनि लागुऔषध प्रयोग गरेकी थिइन। तर्सथ अनावशयक चिन्ता र तनाव मुक्त हुन नै मैले लागुऔषध परीक्षण गराएकी हु। म निर्दोष छु। पार्टीमा मेरो भिडियो खिचिँदै गरेको मलाई थाहा थियो। तर त्यो भिडियो सार्वजनिक गरिएकोमा मलाई दुःख लागेको छ। मलाई विश्वास छ मानिसहरूले काम र फुर्सदको समय छुट्याउन सक्नेछन्।'

नाच्ने क्रममा पपस्टारले उनको घाँटीमा चुम्बन गरेको भन्ने एकजना पत्रकारको दाबीको पनि उनले खण्डन गरेकी छन्। कोभिड महामारी फैलिरहेको अवस्थामा क्लबहरू धाउने गरेको विषयमा उनले विगतमा सार्वजनिक रूपमा माफी मागेकी थिइन्। उनी सन् २०१९ को डिसेम्बरदेखि सत्तामा छिन्।

## सिरियाको बजारमा विस्फोट, पन्ध्रको मृत्यु



**काठमाडौं/एजेन्सी–** सिरियामा विस्फोटनको घटनामा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ। टर्कीको समर्थन रहेको विद्रोही लडाकु समूहले भिडभाड रहेको बजार क्षेत्रमा नै विस्फोटन गराएकाले ठूलो क्षति भएको जनाइएको छ। आक्रमणकारीले रकेट आक्रमण गरेको स्थानीय अधिकारीहरूले जनाएका छन्।

मृत्यु भएका मध्ये तीन जना बालबालिका पनि रहेका छन्। घटना अत्यन्त क्रुर र निर्दयीपूर्ण रहेको प्रत्यक्षदर्शीहरूले बताएका छन्। शुक्रबार भएको घटनामा परी अरु दर्जनौँ घाइते भएको जनाइएको छ। घाइतेहरूको स्थानीय विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

देशको उत्तरी क्षेत्रमा पर्ने अल बाब सहरमा घटना भएको अधिकारीहरूले जानकारी दिएका छन्। अमेरिकी समर्थन रहेको कुर्दिस लडाकाहरूको आक्रमणमा परी ११ जना सुरक्षाकर्मीको मृत्यु भएको भोलिपल्ट यो घटना भएको हो। शुक्रबार भएको घटनाका बारेमा अहिलेसम्म कसैले जिम्मेवारी भने लिएको छैन। सुरक्षाकर्मीहरूले घटनाका दोषीको खोजी भइरहेको जनाएका छन्।

## ट्विट गरेको आरोपमा साउदीमा एक महिलालाई ३४ वर्ष जेल

**काठमाडौं/एजेन्सी–** ट्विट गरेको आरोपमा साउदी अरबको एक अदालतले एकजना विद्यावारिधीका विद्यार्थीलाई चौंतीस वर्षको जेल सजाय सुनाएको छ। बेलायतको लिड्स विश्वविद्यालयमा विद्यावारिधीको अनुसन्धानमा जुटेकी सलमा अल-शेहाबलाई अफवाह फैलाउने र असन्तुष्टहरूलाई रिट्विट गरेको आरोपमा ३४ वर्षको जेल सजाय सुनाइएको हो। साउदी अदालतको यो निर्णयबाट विश्वसमुदाय स्तब्ध भएको छ भने त्यसको विश्वव्यापीरूपमा निन्दा भएको छ। वासिङटनस्थित मानवअधिकार समूह फ्रिडम इनिसिएटिभका अनुसार बिदामा स्वदेशमा रहेकी उनलाई बेलायत फर्कने तयारीमा रहेका बेला गत वर्षको जनवरी १५ मा हिरासतमा राखेर साउदी प्रशासनले कारबाही थालेको थियो।

एसोसिएटेड प्रेसले प्राप्त गरेको कानुनी कागजातहरूले उनको मुद्दा अदालतमा पठाउनु अघि अल-शेहाबले न्यायाधीशहरूलाई दुई सय ८५ दिन भन्दा बढी एकान्त कारावासमा राखिएको बताएकी थिइन्। फ्रिडम इनिसिएटिभले अल-शेहाबलाई साउदी अरबको शिया मुस्लिम अल्पसङ्ख्यकको सदस्यको रूपमा वर्णन गरेको छ जसले लामो समयदेखि सुन्नी-शासित राज्यमा व्यवस्थितरूपमा भेदभाव गरेको गुनासो गरेको छ।

मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले अल-शेहाबको मुद्दालाई 'घोर अनुचित' र उनलाई सुनाइएको सजाय 'क्रुर एवम् गैरकानूनी' भएको भन्दै आलोचना गरेको छ।

न्यायाधीशहरूले अल-शेहाबलाई 'सार्वजनिक व्यवस्थामा गडबडी' र 'सामाजिक संरचनालाई अस्थिर' गरेको आरोप लगाएका छन् भने आधिकारिक आरोपपत्रमा पनि सामाजिक सञ्जालमा पोष्ट गरिएका उनका विषयवस्तुले झूटा अफवाह सम्प्रेषण गरेको दाबी गरिएको छ। उनले असन्तुष्ट व्यक्तिका खातालाई फलो र रिटि्वट गरेको आरोप लगाइएको छ। दुई हजारभन्दा बढी फलोअर नभएको व्यक्तिगत खाताबाट जिज्ञासावस आफूले ट्विट र रिटि्वट गर्नु र उनीहरूका दृष्टिकोढा नियाल्नु आतङ्कवाद हो भन्ने आफूलाई नलागेको अपीलका क्रममा न्यायाधीशसमक्ष अल-शेहाबले बताएकी छन्।


**Invitation for Electronic Bids**

**Affiliated to Tribhuwan University**

# Birendra Bidhya Mandir Campus

**Tikpaur-01, Kailali**

**Sudurpaschim Provience**

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**

**Date of publication: 2079/05/05**

1) Birendra Bidhya Mandir campus invites National Competitive Bidding (NCB) from registered contractors for the construction of *following works.*
2) The Estimated amount for the works is as specified on the following Table.

| SN | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Excluding VAT) |
|---|---|---|---|---|---|
| 1.0 | UGC/BMC/ NCB/01/ WORKS/2079/080 | Construction of Academic Building of Birendra Bidhya Mandir Campus, Tikapur Municipality-01, Tikapur, Kailali | Nrs.3,75,000.00 | NRs:3000.00 | NRs:1,22,09,522.44 |

3) Eligible Bidders may get further information on telephone: 091-560949/9848426075,email: **bmc.tkp@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp. for detail information.
4) *Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.*
5) Electronic Bid Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour, 2079/06/04 and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2079/06/04 at the office of Birendra Bidhya Mandir Campus, Tikapur Kailali.
6) Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Campus Account No. **4450100000174001**at *Rastriya Banijaya Bank Ltd., Lamki, Branch* and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should deposit cash in Campus Account no: . **10700100768653000003** at *Nepal Bank Ltd., Tikapur, Branch*
8) If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever

**Campus Chief**



**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# कोशी अस्पताल

**विराटनगर, मोरङ**

**शिलवन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९।०५।०५**

यस कोशी अस्पतालमा विद्युत आपुर्ती अविच्छिन्न रुपमा सुचारु गर्न नयाँ कन्ट्रोल प्यानलबाट मेडिकल भवनसम्म मेनलाइन आर्मोड़ केवल ई-विडिडका माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको egp पोर्टल bolpatra.gov.np हेर्नु हुन अनुरोध छ। थप जानकारीको लागि अस्पतालमा सम्पर्क गर्नु हुन तथा अस्पतालको website: koshihospital.gov.np समेत हेर्नु हुन अनुरोध छ।

| क्र.सं. | सामानको विवरण | धरौटी रकम | वोलपत्र फाराम खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| १. | 4 Core X 300 mm2 Cu Armoured XLPE Cable | ९५,०००.०० | ३००० | |

**मेडिकल सुपरिन्टेडेण्ट**

# बक्स अफिस समाचार

# 'सिनेमाको गीत संगीतमा अरुको भावनामा डुब्नु पर्छ'

युवा पुस्तामा आशा लाग्दा गायक, संगीतकार हुन् ओम सुनार । सुर्खेतको कुनाथारीमा जन्मिएका सुनार ५ वर्षको उमेरमै बुबा, आमासँगै सुर्खेतबाट कैलाली बसाई सराई गरेपछि हाल उनी लम्किचुहा नगरपालिका १ का स्थानीय बासिन्दा बनेका छन् । सुनार एक दशक बढी समयदेखि नेपाली गीतसंगीतको क्षेत्रमा सक्रिय छन् । रत्नराज्य लक्ष्मी क्याम्पसमा संगीत विषयमा बि.ए. अध्ययनरत उनी विगत १२ वर्षदेखि गुरुकुल संगीत पाठशालामा शास्त्रीय संगीतको प्रशिक्षण लिदै आइरहेका छन् । 'माग माग तिमी के छौ' बोलको गीत पहिलो पटक रेकर्ड गराएर संगीतको क्षेत्रमा प्रवेश गरेका सुनारका गीति एल्बम 'सुगन्ध', 'सुगन्ध २' र हिन्दी एल्बम 'सपने' स्रोता माझ आई सकेको छ भने चलचित्रहरुमा डन्ट ब्रेक माइ हाट, कोइला, बाबु कान्छा, झमक बहादुर, आवारा, नमस्ते नेपाल, बुद्ध बर्न इन नेपाल, गल्ली आदिमा स्वर, संगीत दिएका छन् । दर्जनौं श्रोता रुचीका फुटकर गीतसंगीत दिएका सुनारको तीज गीत पनि भर्खरै सार्वजनिक भएको छ । लोकआधुनिक, पप, भजन सबै खाले भाकामा स्वर संगीत सिर्जना गर्न सिपालु गायक तथा संगीतकार **ओम सुनार**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :



**ओम सुनार**, गायक तथा संगीतकार

**संगीत क्षेत्रमा प्रवेश गर्दा संगीतको वातावरण कस्तो थियो ?**

जब मैले नेपाली गीतसंगीतमा लाग्ने सोच बनाएको थिएँ त्यतिबेला मलाई केही पनि कुरा थाहा थिएन । यतिमात्र थाहा थियो कि गीत गाउनु पर्छ त्यस्को लागि सिक्नुपर्छ । म काठमाडौं आएर सिक्न थालें, त्यसपछि मैले बजारलाइ हेर्दा निकै गाह्रो अवस्था देखेको थिएँ । म र म जस्ता थुप्रै सामान्य मान्छेले यो क्षेत्रमा पाईला राख्न नै गाह्रो थियो । त्यतिबेला क्यासेटको जमाना गएर सिडीको जमाना आएको थियो । चर्चितहरु बाहेक अरुले अवसर पाउने सम्भावना निकै कम थियो । त्यही पनि लागियो, भोलि के हुन्छ भन्ने नै थाहा थिएन तर आज यहाँसम्म पुगियो । दर्शक, श्रोताको माया र सञ्चारमाध्यमहरुले साथ दिनुभयो र मेरो कलालाई अगाडि बढाई दिनुभयो । अहिले सम्झिँदा त्यतिबेला निकै गाह्रो थियो नयाँलाई ।



**मोफसलबाट आउने संगीतकर्मीलाई काठमाडौंले कसरी हेर्थ्यो ?**

नयाँलाई कुनै पनि क्षेत्रमा पाईला राख्नु नै आफैंमा चुनौतीपूर्ण हुन्छ । त्यसमाथि मोफसलबाट आउनेलाई केही थाहा हुँदैन । काम गर्दा ठगिने, समयमा काम नहुने जस्ता समस्या हुन्थ्यो र अहिले पनि त्यस्तै छ । यसलाई के बुझ्ने, हेपेको भन्ने कि के भन्ने अग्रजहरुले नयाँ भाइबहिनीहरुलाई केही सहज र पारिवारिक वातावरण बनाउन जरुरी छ । आजको नयाँ भोलि पुरानो हुन्छ । आज आउनेलाई सहज वातावरण बनाइयो भने भोलि आउनेलाई पनि सजिलो हुन्छ र अग्रजलाई जहिले सम्झिरहने छन् ।

**तपाईंले गाउनु भएको, संगीत गर्नुभएको गीत हिट भएसँगै संगीत बजारको मुहार नै फेरिएको छ जस्तो लाग्दैन ?**

मैले गायको र संगीत भरेको गीतहरुले संगीत बजारको मुहारलाई त फेरेको छैन तर मुहार फेर्नको लागि २-४ इँटा भने पक्कै थपेको छ । मैले चलचित्र ' बाबु कान्छ' र 'झमक बहादुर'मा पुरानो चलचित्रहरुको चन्द्रमा झैं राम्री छौ र आमैले भन्थे धाराको पानी गीत रिमिक्स गरेपछि श्रोता, दर्शकदीर्घाले पनि खुब तारिफ गर्नु भयो र केही अन्य संगीतकर्मी साथीहरुले पनि पुरानो गीतहरुलाई रिमिक्स गर्नु भयो र पुरानो गीतलाई नयाँ तरिकामा सुन्न पाउनु भयो दर्शक श्रोताहरुले । मैले थुप्रै मौलिक गीतहरु पनि गरें चलचित्रहरुमा त्यसलाई पनि दर्शक श्रोताले निकै मन पराउनु भयो । त्यसले गर्दा अन्य संगीतकर्मी साथीहरुले पनि त्यस्तै गर्नु भयो । मलाई लाग्छ मैले गरेको कामबाट दर्शक श्रोताले मनोरञ्जन लिनु भयो र मैले गरेको कामबाट अन्य संगीतकर्मी साथीहरु प्रभावित भएर त्यस्तै काम गर्नु भयो । मैले मेरो कामले केही इँटा थपेको महसुस गरें ।

**तपाईंले गायका र संगीत गरेका गीतका भिडियोहरु राम्रा छन् । निर्देशकको कामप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**

मेरो एक्लो प्रयासले मात्र म यहाँसम्म पुगेको होइन, यत्रो यात्रा म एक्लै गर्न सक्दिन थिएँ, मेरो पछाडि थुप्रै सहयोगी हातहरु हुनुहुन्छ । ति सहयोगी हातहरुमध्येको एउटा ठूलो हात हो भिडियो निर्देशकज्यूहरुको । म उहाँहरुको कामबाट निकै खुसी छु र धन्यवाद पनि दिन चाहान्छु ।

**तपाईंलाई फिल्म र अन्य गीतको संगीतमा के भिन्नता पाउनु हुन्छ ?**

सिनेमा र अन्य गीतमा आकाश जमिनको फरक छ । बजेट, मेकिङ्ग, गायक गायिका, स्टुडियो शब्द, संगीतमा निकै फरक छ । किन भने अन्य गीतहरु आफ्नो भावना अनुसार गर्न पाइन्छ अलिक सजिलो हुन्छ, तर सिनेमाको गीत संगीतमा चाहिँ अरुको भावनामा डुब्नु पर्छ, अरुको भावनालाई बुझ्नु पर्छ, अरुको काहानीलाई उजागर गर्नु पर्छ, सिनेमाको काहानीलाई न्याय दिन सक्नु पर्छ । आफ्नो भावनामा जो पनि सजिलै डुब्न सक्छ तर आर्काको भावना बुजेर डुब्न अलिक गाह्रो हुन्छ । त्यसैले सिनेमा र अन्य गीत संगीतमा आकाश जमिनको फरक देख्छु म ।

**आफ्ना सिर्जना सामाजिक सञ्जालमा रुचाइएको देख्दा हर्ष लाग्छ होला नि ?**

आफ्नो सिर्जना समाजिक संजालहरुमा रुचाइएको देख्दा खुसी लाग्छ, संघर्षको दिनलाई सम्झन्छु र यही नै हो मेरो मेहनतको प्रतिफल जस्तो लाग्छ । सारा दुःखहरु बिर्सन्छु जुन हिजोको दिनमा मैले संघर्ष गर्दा भोगेको थिए ।

**तपाईंका गीत संगीतमा बढी मौलिकता भेटिने कारण के हो ?**

गर्न त मैले सबैखाले गीत संगीत गरेको छु । तर पनि मेरा धेरै गीत संगीतहरुमा आफ्नोपन हुन्छ किन भने हाम्रो पहिचान भनेकै हाम्रो मौलिक कुराहरु नै हो । हाम्रो मौलिक कुरालाई हामीले बचाउन सकेनौ भने, आज हामीले प्रयोग नगरे भोलि यो लोप भएर जान सक्छ । त्यसैले मेरो गीतहरुमा मौलिकता भेटिन्छ । म सधै आफ्नो कला सँस्कृति, मौलिक गीत संगीतलाई यसरी नै अगाडी बदाउन चाहन्छु । नेपाललाई र नेपाली गीतसंगीतलाई विश्व सामु चिनाउने प्रयास गरिरहने छु ।

**आफूलाई मनपरेका आफ्ना गीत ?**

मलाई मेरा सबै गीतहरु उतिकै मन पर्छ । त्यस्मा पनि विशेष कामहरु हुन्छन् जसले गीत संगीतको माध्यमबाट देशको गौरब र स्वाभिमानको कुरा बोकेको हुन्छ र दर्शक, श्रोताहरुलाई जागरुक गराउन मद्दत गर्दछ त्यस्तो गीत म यहाँ नाम लिन चाहन्छु । मैले चलचित्र 'बुद्ध बर्न इन नेपाल' मा गाएको टाइटल गीत 'बुद्ध बर्न इन नेपाल' लाई सम्झन्छु । आदरणीय दाइ रमित ढुंगानाले निर्माण गर्नु भएको चलचित्र सुरेश अधिकारी दाइको संगीत र विष्णु केसीको शब्द थियो । उहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु यस्तो राम्रो र देशको प्रतिनिधित्व गर्ने चलचित्रमा मलाइ आफ्नो स्वर दिने अवसर दिनुभएकोमा ।

**तपाईंले अहिलेसम्म पाउनुभएको अवार्ड र सम्मान ?**

मैले थुप्रै सम्मानहरु पाएको छु र अवार्डहरु पनि पाएको छु । मैले कोभिडपछि चाहिँ बि.स.२०७८ मा सम्पन्न भएको 'पीम नेपाल फिल्म महोत्समा २०२१ 'चौथो अडिशन बेष्ट गायन' पुरुष तर्फ प्राप्त गरेको छु । मैले कोभिडपछिको किन उल्लेख गरेको भने हामी सबै मानव जातिले नयाँ जीवन पाएको जस्तो लाग्छ र त्यसपछिको पहिलो उपलब्धि भएको भएर यसलाई सम्झेको हुँ ।

**तपाईं नयाँ प्रतिभा खोज्न खप्पिस हुनुहुन्छ । यो काम कतिको चुनौतीपूर्ण छ ?**

नयाँ भन्ने शब्द जो कोहिले पनि सुन्दा बितिकै चुनौती भन्ने बुझ्दछ, यो आफैंमा गाह्रो शब्द हो । पक्कै पनि नयाँ प्रतिभा खोज्नु त्यति सजिलो छैन । यो काम त्यतिकै जोखिमपूर्ण हुन्छ । हरकोहीलाई जोखिम लिन मन पर्दैन तर मलाई मज्जा लाग्छ । अरुले जस्तै मैले पनि पुराना व्यावसायिक मान्छेमात्र खोज्न थालें भने अरुमा र ममा के फरक भयो र । कोही त चाहियो नि नयाँको लागि पनि नत्र नयाँहरुले कहिलै अवसर पाउँदैनन् । म पनि हिजो नयाँ थिए मैले पनि अवसर पाउँदैन थिएँ पुरानै मान्छे खोजेको भए ।

**कस्तो खालको सिर्जनाले स्रोता आकर्षित हुन्छन् ?**

यस्तै खालको भन्ने छैन । सबै खालको सिर्जनाले आफ्नो आफ्नो स्वाद दिन्छ । दर्शक, श्रोताको रोजाई पनि फरक फरक छ । सबैले एउटै खालको गीतसंगीत सुन्नु हुन्न । मैले सबै खाले दर्शक श्रोताको लागि काम गरिरहेको छु, गाइरहेको छु संगति बनाइरहेको छु । सबैले मन पराइदिनुभएको छ मेरो कामलाई ।

**तपाईं आफै पनि युवा नेपाली गीतसंगीतको बारेमा युवा पुस्ताले नै चासो नदिनुको कारण ?**

आज भोलि सबै जान्ने बुझ्ने हुनुहुन्छ । सबैले हातहातमा संसार छ । कुन क्षेत्रमा जादा राम्रो हुन्छ कहाँ के काम गर्दा नाम दाम सजिलै कमाउन सकिन्छ भन्ने बुज्नु भएको छ र संगीत क्षेत्रमा अलिक बढी मेहनत गर्नु पर्ने भएको भएर होला र सोचे जति आम्दानी गर्न नसकिने र लामो समय संघर्ष गर्नु पर्ने भएकोले युवाहरुको ध्यान यता न आएको हुन सक्छ । मेरो अनुभव बरु डाक्टर बन्न सजिलो होला तर यो क्षेत्रमा उदाउन र जम्न गाह्रो छ । राम्रो कला प्रतिभा भएको माछेहरु यो क्षेत्रमा आगाडि बढ्न त्यति धेरै गाह्रो छैन आउनुस् भन्न चाहान्छु ।

**भावी योजना ?**

भावी योजना भनेको गीत संगीतकै माध्यमबाट देश र जनता साथै दर्शक श्रोताहरुलाई मनोरञ्जन गर्दै सेवा गर्ने हो । र, साथै म्युजिक थेरापी सिकेर विभिन्न रोगबाट ग्रसित विरामीहरुलाई म्युजिक थेरापीबाट उपचार गर्ने । साथै काठमाडौंमा एउटा निःशुल्क संगीत सिकाउने विद्यालय खोल्ने ठूलो सपना छ ।

आशा गरौं भगवान पशुपतिनाथको कृपा र आमाबुबाको आशिर्वाद अनि दर्शक श्रोताको माया म प्रति बढ्दै गयो भने छिट्टै मेरो यो सपना पनि पूरा हुने छ भन्ने कुरामा विश्वस्त छु ।

## षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दिङ्ला, भोजपुर
### १ नं. प्रदेश, नेपाल

## नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) संकलन, उत्खनन् तथा बिक्री कर संकलन गर्ने कार्यको बोलपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/०५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र प्रदेश आर्थिक ऐन, २०७८ को दफा ६ (२) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुकफर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागारिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन.फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १ | SM/NCB/ Rajaswa/ 04/2079/80 | Internal revenue collection and sale of River based materials (Stone, Gravel, Aggregate and Sand) of Arun River, in Shadananda Municipality, Bhojpur. | Stone, Gravel, Aggregate: 366912.00 Cu ft<br>Sand: 123480.00 Cu ft | 27,88,000.00 | मू अ कर सहित कबोल रकमको ५% ले हुन आउने धरौटी रकम रू (कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत) | ३०००।०० |

**शर्तहरूः**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र राष्ट्रिय बाणिज्य बैंक लि.शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०१०१०००२ (ग १.१ आन्तरिक राजश्व खाता) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहारू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यायलको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।माथि उल्लिखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि. शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०३०००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड स्क्यान गरी E–bidding मार्फत पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमद्वारा अपलोड गर्नु पर्ने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आय कर तथा अन्य वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ ।यस नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नवौं राष्ट्रिय खेलकुदको सुरक्षा योजनाबारे छलफल

**काठमाडौं/मस-** नवौं राष्ट्रिय खेलकुदमा सुरक्षा व्यवस्था सम्बन्धमा पोखरामा छलफल भएको छ । सो क्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव टंकलाल घिसिङले सुरक्षा समिति पदाधिकरीहरूसँग जानकारी लिएका छन् । सुरक्षा उपसमिति संयोजक रामदत्त जोशीले प्रतियोगितामा सुरक्षा प्रबन्ध बारे जानकारी गराएका थिए ।

गण्डकी प्रदेशका विभिन्न जिल्लामा हुने राष्ट्रिय खेलकुदको सुरक्षा व्यवस्थाका लागि गण्डकी प्रदेश प्रहरी प्रमुख डिआईजी जोशीको संयोजकत्वमा विभिन्न सुरक्षा निकायका प्रमुख, प्रतिनिधि, महानगर प्रहरी प्रमुख समेत सदस्य रहने गरी उपसमिति गठन भएको छ ।

सुरक्षा उपसमितिलाई खेलस्थल, खेलाडी, खेलाडी आवास क्षेत्र, अतिथिलगायतको सुरक्षाका लागि योजना बनाएर काम गर्न सदस्य-सचिव घिसिङले आग्रह गरे । छलफलमा कार्यकारी समितिका सदस्य-सचिव फणिन्द्र पौड्याल, गण्डकी प्रदेश खेलकुदका सदस्य-सचिव तेजबहादुर गुरुङ, खेलकुद विकास विभाग प्रमुख प्रेमबहादुर मल्ल, सुरक्षा उपसमिति सचिव लक्ष्मण योगीलगायतको सहभागिता थियो ।

असोज २८ देखि कातिक ३ गतेसम्म हुने प्रतियोगिताका लागि सबै प्रदेशले छनोट थालिसकेका छन् । प्रतियोगिताका लागि विभागीय टोली पनि तयारी अवस्थामा छन् । दुई पटक मिति तोकेर सरेको प्रतियोगिता अब तेस्रो पटक तोकिएको मितिमै हुने राखेपले जनाएको छ । प्रतियोगिताका लागि प्रदेश खेलकुद परिषद्हरुले तयारी समय नपुगेको भनेपछि दोस्रो पटक प्रतियोगिता सरेको थियो । तर, प्रतियोगिताको तयारी भने अहिलेसम्म विभागीय टोली बाहेकले थालेका छैनन् ।

बागमती प्रदेशले नवौं राष्ट्रिय खेलकुदका सबै स्पर्धामा सहभागिता जनाउने योजना बनाएको छ । प्रदेशका खेलाडीलाई ४५ दिनको बन्द प्रशिक्षणमा राख्ने योजनासमेत बनिसकेको छ । त्यसका लागि प्रदेशले भदौ १५ गतेसम्म खेलाडी छनोट गरिसक्ने बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्य भण्डारीले जानकारी दिए ।

उनले अन्य प्रदेशको तुलनामा आफूहरुले धेरै पदक ल्याउने अपेक्षा गरेको हुनाले पनि प्रतियोगिताका लागि अहिलेदेखि नै तयारी थाल्ने र बन्द प्रशिक्षणमा राख्ने योजना बनाएको बताए ।

राष्ट्रिय खेलकुद प्रतियोगितामा यो पटक बलियो बन्ने योजनामा रहेको कर्णाली प्रदेशले भदौ २५ गतेसम्म खेलाडी छनोट गरिसक्ने योजना बनाएको छ । नवौं खेलकुद प्रतियोगितामा पदक जित्न सक्ने प्रतियोगिताहरुमा मात्र सहभागिता जनाउने प्रदेश खेलकुद परिषद्को योजना छ । जसका लागि ११ खेललाई मुख्य प्रथामिकतामा राखेको प्रदेश खेलकुद परिषद्का सदस्यसचिव बीएम सञ्ज्यालले जानकारी दिए ।

विभागीय टोली एपीएफले हालसम्म २३ खेलमा मात्र सहभागिता जनाउने योजना बनाएको छ । अहिलेसम्म एपीएफले त्यसकै लागि तयारी थालेको छ । एपीएफका खेलकुद विभागका विजय केसीले दिएको जानकारी अनुसार अहिलेसम्म २३ खेलमा सहभागी हुने टुङ्गो लागेको छ । अवसर जुरेमा त्योभन्दा धेरै खेलमा सहभागिता जनाउन पनि सकिने उनले बताए ।

करिब ४० वर्षपछि राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न लागेको आयोजक गण्डकी प्रदेश यतिबेला तीव्र तयारीमा लागेको छ । गण्डकी आयोजक भएका हिसावले भएका कारण नै प्रतियोगितामा धेरैभन्दा धेरै पदक ल्याउने तयारीमा छ । २०४० सालमा दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा आयोजना भएको थियो । सो प्रतियोगितामा गण्डकी प्रदेशले २९ स्वर्ण जितेको थियो ।

नवौं राष्ट्रिय खेलकुद-२०७९
पोखरा, गण्डकी प्रदेश

# क्यान र क्रिकएचक्युबीच सम्झौता

काठमाडौं/मस- नेपाल क्रिकेट संघ (क्यान)ले न्युजिल्यान्डको क्रिकएचक्युसँग सम्झौता गरेको छ । विश्व प्रसिद्ध डिजिटल प्लेटफर्म क्रिकएचक्युसँग तीन वर्षका लागि सम्झौता भएको क्यानले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

क्रिकएचक्युले लाइभ स्कोरिङ, म्याच रिपोर्ट, एनालिटिक्स, डिजिटाइजेसन लगायतका काम गर्दै आएको छ । सम्झौतापछि क्रिकएचक्युका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एरिन वाल्सले खुशी व्यक्त गर्दै लामो समयसम्म सहकार्य गर्ने विश्वास व्यक्त गरे । यस्तै क्यानका कार्यवाहक सचिव प्रशान्त विक्रम मल्लले क्रिकएचक्युसँगको सम्झौताबाट उत्साहित रहेको बताएका छन् ।

क्रिकएचक्यु क्रिकेटको लागि विश्वको सबैभन्दा ठूलो डिजिटल प्लेटफर्म मानिन्छ । क्यानले क्रिकएचक्युसँगको साझेदारीले सबै तहका क्रिकेटका डिजिटलाइजेसन र लाइभ स्कोरिङ र स्ट्रिमिङलगायत प्राविधिक विकास ल्याउन मद्दत पुग्ने विश्वास लिएको छ ।

क्यानका कार्यवाहक सचिव मल्लले क्रिकएचक्युसँगको साझेदारीले क्यान हर्षितरहेको र क्यानका लागि एक पूर्ण डाटाबेस विकास गर्नमा धेरै मद्दत पुग्ने बताए ।

# आर्मी र ललितपुर हाइलाई उपाधि



**काठमाडौं/मस-** नेपाल आर्मी र ललितपुर हाइले प्रथम राष्ट्रिय खुला बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । आर्मी पुरुष तथा ललितपुर महिलामा च्याम्पियन बने ।

नखिपोटस्थित आयोजक नखिपोट युथ क्लबको हलमा भएको फाइनलमा आर्मीले रोयललाई ७७-६५ ले पराजित गऱ्यो । आर्मीका आयुश सिंहले १९ अंक जोडे ।

पहिलो क्वाटरमा १०-८ को अग्रता लिएको आर्मी दोश्रोमा २५-२६ ले पछि पऱ्यो । बाँकी दुई क्वाटर आफ्नो पक्षमा पार्दै आर्मीले उपाधि सुनिश्चित गऱ्यो । आर्मीले तेश्रोमा २०-१३ र चौथोमा २२-१८ को प्रदर्शन गऱ्यो । उपाधिसंगै आर्मीले ५० हजार नगद पुरस्कार पायो भने रोयलले २५ हजार नगद पुरस्कारमा चित्त बुझायो ।

महिलाको रोमाञ्चक उपाधि भिडन्तमा ललिपतुरले आयोजक नखिपोटलाई ३७-३५ को झीनो अन्तरले हरायो । ललितपुरकी अस्मिता थापाले १५ अंक जोडिन् ।

पहिलो क्वाटरमा ललितपुरले ९-८ को सामान्य अग्रता लियो । दोश्रो क्वाटरमा नखिपोटले ११-५ को अग्रता लिदै मध्यान्तरसम्म समग्रमा ५ अंकले अगाडि रह्यो । तेश्रो क्वाटरको खेलमा ललितपुरले १४-६ को प्रदर्शन गर्नु नै जितको मुख्य आधार बन्यो । चौथो क्वाटरमा नखिपोटले १०-९ को अग्रता हासिल गरेपनि समग्रमा २ अंकले उपाधि गुमायो । ललितपुरले ३० तथा नखिपोटले १५ हजार नगद पुरस्कार पाए ।

पुरुषमा आर्मीका आयुश सिंह तथा महिलामा ललितपुरकी अस्मिता थापा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले जनही ५ हजार नगद पुरस्कारसहित गिफ्ट ह्याम्पर प्राप्त गरे ।

विजेतालाई प्रदेश सांसद राजकाजी महर्जन, नेपाल बास्केटबल संघका महासचिव नेरेन्द्र थापा, नखिपोट युथ क्लबका अध्यक्ष गंगा सुनवारलगायतले एक कार्यक्रमबीच पुस्कृत गरे । साताव्यापी प्रतियोगिताको पुरुषमा १२ तथा महिलामा ४ टिम सहभागी थिए ।

# भ्याली पब्लिक र एन्जल्स हार्ट सफल

**काठमाडौं/मस-** भ्याली पब्लिक र एन्जल्स हार्टले १५ औं क्विक्स/ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार जित हात पारेका छन् ।

धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा भ्याली पब्लिकले लक्ष्मीपुरलाई २१-११ ले पराजित गऱ्यो । भ्याली पब्लिकको जितमा छिम्मे तामाङले १४ अंक योगदान गरे । प्रतीक कँडेलको १४ अंक सहयोगमा एन्जल्स हार्टले स्कोलर्स होमलाई १८-६ ले हरायो । ग्रिनफिल्डले सेबलाई १३-७ ले पाखा लगायो । ग्रिनफिल्डका पुजन उप्रेतीले ९ स्कोर गरे ।

सिनियर गर्ल्समा भ्याली पब्लिकले लालीगुराँस नेसनल एकेडेमीलाई ३२-१२ तथा पृथ्वीले फेरिल्यान्डलाई २५-२४ ले निराश पारे । भ्याली पब्लिकका एन्जल गुप्ता र अनिता गुरुङले समान ११-११ तथा पृथ्वीकी दावा छिरिङ गुरुङले १३ अंक बटुले ।

सिनियर ब्वाइजमा भ्याली पब्लिकले सेन्ट जोसेफलाई ४२-३०, ग्रिनल्यान्ड 'ए' ले पृथ्वीलाई ४६-३५, बसुन्धारा नेसनल एकेडेमी (बीएनए) ले फेरिल्यान्डलाई ४५-२५ र ग्रिनफिल्डले स्कोलर्स होमलाई २९-१९ ले पन्छाए । भ्याली पब्लिकका अनमोल गुरुङले १४, ग्रिनल्यान्डका दिवस भुजेलले १९, बीएनएका सन्देश खड्काले १९ र ग्रिनफिल्डका सुशान्त कार्कीले २० अंक जोडे ।




## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/०५**

**बि.जि. क्लिनिकङ्ग एण्ड ट्रेनिङ्ग सभिसेज प्रा.लि.** को मिति २०७८/११/२९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.जी. कन्स्ट्रक्सन एण्ड क्लिनिङ्ग सर्भिस प्रा.लि. (प्रा. लि. नं.: २१७७७०)**, कायम गर्ने गरी मिति २०७९/०१/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/०५**

**आश्रव कन्सल्टेन्ट सर्भिसेज प्रा.लि.**को मिति २०७९/०४/२७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आश्रव सर्भिसेज प्रा.लि. (प्रा.लि. नं. २७७४४७)** कायम गर्ने गरी मिति २०७९।०४।२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/०५**

यस कम्पनीको मिति २०७८।१२।३० मा सम्पन्न विशेष साधारण सभा बमोजिम साविक कम्पनी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०१।१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कान्तिपुर डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर कलेज अफ हेल्थ एण्ड टेक्निकल साईन्सेज् प्रा.लि.** कायम गरिएके व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## JAGDULLA HYDROPOWER COMPANY LIMITED
## जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

**Baneshwor -10, Kathmandu**

## Request for Expression of Interest (EOI)

**Date of publication: August 21, 2022**

1. Jagdulla Hydropower Company Limited (JHCl), invites Expression of Interest (EOI) from eligible Consulting Firms to provide the following Consulting Services. EOI document shall be delivered through online e-GP system (www.bolpatra.gov.np) only.

| EOI No. | Name of the Services | Last Date, Time of EOI submission and Opening | Minimum Score to Pass |
|---|---|---|---|
| **(Contract No. JHCL/JHEP/ CS/NCB/2079-80/02** | Consulting Services for Environment Impact Assessment (EIA) of Jagdulla –A Hydroelectric Project (82.3 MW). | **September 4, 2022** at or before 12:00 hrs and 13:00 hrs respectively | **70 Out of 100** |

2. EOI shall be assessed based on the Qualification & Experience of the Key Expert (30%), Experiences of Consulting Firms (60%), and Capacity of the Consulting Firms (10%).
3. Interest Eligible Consultants may obtain further information from the JHCL's Offcie during office hours before September 21, 2022 (Contact No. : 01- 4479242 or web: www.jhcl.com.np) or visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp under the name of Jagdulla Hydropower Company Limited (JHCL).

## Invitation For Bids
## Okhaldhunga Campus

**Okhaldhunga**

**Invitation for Bids for procurement of Construction of new block building of the campus**

**First Date of Publication: 2079/05/05**

**Contract Identification No: Work/01/079/80**

1. Okhaldhunga Campus has allocated funds the cost of construction of new block building of the campus and intends to apply part of the funds to cover eligible payments under the Contract for Building Work/01/079/80. Bidding is open to all eligible Nepalese.
2. Okhaldhunga Campus invites bids from eligible bidders for the construction of new block building under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Okhaldhunga Campus Okhaldhunga.
4. A complete set of Bidding Documents may be purchased from the Okhaldhunga Campus Okhaldhunga by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000.00 till 2079/06/03 should deposit the cost of bidding document in the following account :

   **Name of the Bank : Rastriya Banijaya Bank, Branch Office Okhaldhunga.**
   **Name of Office : Okhaldhunga Campus, Okhaldhunga**
   **Office Account no. : 2070100010555001**

6. Bid must be submitted to the office Okhaldhunga Campus Okhaldhunga by hand before 12:00 hours on 2079/06/04. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours 2079/06/04 at the office of Okhaldhunga Campus Okhaldhunga. Bids must be valid for a period of 120 Day after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs.1,60,000.00 which shall be valid for 90 days beyond the validity period of the bid Rastriya Banijaya Bank,Okhaldhunga Account No.2070100010555001 Okhaldhunga Campus, Okhaldhunga
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract Identification No | Description of Work | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| Work/01/079/80 | Construction of new block building of the campus | 54,24,635.60 | 1,60,000.00 | 3,000.00 |

**Campus Chief**

ने पाल फर्निचर तथा फर्निसिङ संघको आयोजनामा भदौ २३ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा 'फर्निचर तथा फर्निसिङ एक्स्पो २०२२' हुनेभएको छ । कोरोना महामारीका प्रभावित भएको एक्स्पो ३ वर्षपछि आयोजना हुन लागेको हो । एक्स्पोमा पछिल्लो समयमा फर्निचर तथा फर्निसिङको क्षेत्रमा विकास भएका नयाँ प्रविधिहरुको पदर्शनी गरिने आयोजकले जनाएको छ । पदर्शनीको मुख्य उद्देश्य उत्पादनको ब्राण्डिङ रहेको र एक्स्पो मेगा स्वरुपमा सञ्चालन हुने बताइएको छ । प्रस्तुत छ, नेपाल फर्निचर तथा फर्निसिङ संघका अध्यक्ष **सुभेन्द्र जोशी**सँग मध्यान्हका सम्बाददाता **नारायण अर्याल**ले 'फर्निचर तथा फर्निसिङ एक्स्पो २०२२' सँग सम्बन्धित विषयमा गरेको कुराकानीको सम्पादित अंश :

## एक्स्पोले उत्पादनको राम्रो ब्राण्डिङ गर्नेछ



**सुभेन्द्र जोशी**
अध्यक्ष, नेपाल फर्निचर तथा फर्निसिङ संघ

### 'फर्निचर तथा फर्निसिङ एक्स्पो २०२२' को तयारी कहाँ पुऱ्याउनुभएको छ ?

हामी एक्स्पो तयारीको अन्तिम चरणमा आइपुगेका छौं । अहिलेसम्म ८० प्रतिशत स्टलहरु बुकिङ भैसकेका छन् । अब फाइनलतिर पुगिसकेका छौं ।

### यसपालिको एक्सपोमा नयाँ विशेषता के हुनेछन् ? जुन कुरालाई उपभोक्ताले अनुभव गर्न पाउनेछन् ।

अहिले नेपालमा नै धेरैथरी कार्पेटहरुको उत्पादन हुन थालेका छन् । हामीले पछिल्लोपटक सन् २०१९ मा गरेको एक्स्पोमा भन्दा यसपटकको एक्स्पोमा नयाँ नेपाली उत्पादन पनि हुनेछन् । यिनीहरुको विशेष किसिमको स्टल रहनेछन् । फर्निचरको क्षेत्रमा पनि नयाँ-नयाँ उत्पादनहरु आएका छन् । फर्निचरमा नयाँ किसिमको प्रविधि आउन समय लाग्छ, तर फर्निसिङमा नयाँ- नयाँ उत्पादनहरु चाँडै आउने हुनाले ती वस्तुहरुको पदर्शनी हुने छ । म्याट्रेक्सको आइटममा पनि नयाँ आइटमहरु हुनेछन् । फर्निचर तथा फर्निसिङ क्षेत्रका धेरै उत्पादनहरु एक्स्पोमा नयाँ ढंगल पस्किदैछौं ।

### पछिल्लो समयमा नेपालमा फर्निचर क्षेत्रमा नयाँ प्रविधि र उद्योगहरु थपिएका छन् ?

फर्निसिङ र कार्पेटमा त धेरै नै राम्रो भएको छ । फर्निचरमा भने नयाँ प्रविधिका मेशिनहरु भित्रिएका छन्, तर हामीले नै विकास गरेका भने छैनौ ।




### अहिलेको एक्स्पोमा अन्तर्राष्ट्रिय व्यवसायीहरुको सहभागिताको पनि कुरा पनि गर्नुभएको छ । कस्तो छ, सहभागिताको अवस्था ?

हो, यो एक्स्पोमा अन्तर्राष्ट्रिय व्यवसायीहरुको सहभागिता पनि हुँदैछ । विशेषगरेर भारत र बंगालादेशका व्यवसायीहरु सहभागी हुँदैहुनुहन्छ । तर, नेपालका व्यवसायीहरुको संख्या नै धेरै हुन्छ । ६० प्रतिशत भन्दा धेरै नेपाली कम्पनीहरु नै सहभागी हुँदैछन् । यो हाम्रोलागी खुसीको कुरापनि हो ।

### यसपटकको एक्स्पोलाई मेगा एक्स्पोको रुपमा पनि संज्ञा दिनुभएको छ । मेगा भन्न मिल्ने खास विशेषताहरु के छन् ?

अहिलेको एक्स्पोमा स्टलको संख्या १ सय भन्दा धेरै छन् । हलमा मात्रै नभएर बाहिरी ह्याङ्गर पनि स्टलहरु रहनेछन् । अवलोकनकर्ताहरुको संख्या पनि धेरै हुने अनुमान गरेका छौं । एक्स्पोमा आउटडोर फर्निचर, इन्डोर डिजाइनर, कार्पेट र मार्वल लगायत फर्निचर तथा फर्निसिङका धेरै आइटमहरुको उत्पादन तथा बिक्री गर्ने कम्पनीहरुको सहभागिता रहने हुनाले यसलाई हामीले मेगा एक्स्पो पनि भनेका हौं ।

### तपाईंहरुले यो एक्स्पोको मुख्य उद्देश्य के बनाउनु भएको छ ?

एक्स्पोको मुख्य उद्देश्य भनेको ब्राण्डिङ हो । अर्कोकुरा हाम्रो उत्पादनको बारेमा उपभोक्ताहरुलाई जानकारी दिने नै उद्देश्य हो । एक्स्पोमा बिक्री वितरण पनि हुन्छ, तर यो नै मुख्य उद्देश्य भने होइन् । हामीले एक्स्पोमा मेशिनरी आइटम पनि राख्नेछौं । त्यसले



नेपालमा फर्निचर तथा फर्निसिङको क्षेत्रमा के-के प्रविधि नेपालमा आउने सम्भावना छ त्यो विषयमा पनि अवलोकनकर्ताहरुलाई जानकारी गराउने छौं । व्यवसायीहरुले पनि नयाँ प्रविधिको विषयमा जानकारी प्राप्त गर्न सक्छन् । जसले गर्दा पछि बजार विस्तारमा सहजता पैदा हुन सक्दछ ।

### के तपाईंहरुले एक्स्पोसँग जोडेर फर्निचर तथा फर्निसिङका उपभोक्ताहरुलाई केही अफर पनि राख्नुभएको छ ?

एक्स्पोमा हाम्रो मुख्य उद्देश्य बिक्री रहेको छैन । तरपनि एक्स्पोमा आउने उपभोक्तहरुलाई इच्छा जगाउनको लागि विभिन्न कम्पनी तथा व्यवसायीहरुले केही न केही अफरहरु राख्नुभएको हुनेछ । मेलाले नै अफर राखेको छैन्, तर व्यक्तिगत रुपमा सहभागीहरुले आ-आफ्नो व्यवसाय बढाउनको लागि र अवलोकनकर्ता बढाउनको लागी ठाउँबाट अफर राख्नुहुनेछ ।

### एक्स्पोमा आउने अवलोकनकर्ताहरुलाई प्रवेशको व्यवस्था कसरी मिलाउनुभएको छ ? के त्यहाँ शुल्क पनि लाग्नेछ ?

प्रवेशको विषयमा हामीले डिजीपेसँग साझेदारी गरेका छौं । अवलोकनकर्ताहरुले मोबाइलमा डिजीपेको एप्लिकेसन डाउनलोड गरेपछि भित्र छिर्न सक्नुहुन्छ । आफ्नो कार्ड राखेर कोही आउनुहुन्छ भने उहाँहरु पनि सोका आधारमा प्रवेश गर्न सक्नुहुन्छ । हामीले एक्स्पोमा आउने अवलोकनकर्ताहरुबाट प्रवेशमा नै आम्दानी गर्ने योजना बनाएका छैनौं । डिजीपेको एप्लिकेसन डाउनलोड पनि गर्न नचाहने र कार्ड पनि नभएकाहरुलाई हामीले १ सय रुपैयाँ लिएर प्रवेश गर्ने व्यवस्था मिलाएका छौं । यस्तो संख्या निकै न्यून हुन्छ होला । हामीले यसरी उठेको पैसा सामाजिक क्षेत्रमा खर्च गर्नेछौं ।

## दोर्दी करिडोरको बिजुली जोड्ने वैकल्पिक प्रसारण तयार

**काठमाडौं/रासस** – लमजुङको दोर्दी करिडोरमा निर्माणाधीन जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्नका लागि वैकल्पिक व्यवस्थासहितको प्रसारण लाइन तयार भएको छ । सो करिडोरमा निर्माणाधीन जलविद्युत् आयोजनाको बिजुली उदीपुर हुँदै मध्यमर्स्याङदीको स्वीचयार्ड सिउँडीबारमा जोड्ने गरी वैकल्पिक व्यवस्था गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले कूल छ किलोमिटर लामो प्रसारण लाइनमार्फत बिजुली जोड्न सकिने गरी नयाँ व्यवस्था गरिएको मर्स्याङदी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाका प्रमुख चिरन्तनविक्रम राणाले राससलाई जानकारी दिए ।

'हामीले सबै परीक्षणको काम सम्पन्न गरिसकेका छौं, प्रवर्द्धकले चाहेको बेलामा नै अब बिजुली जोड्न सक्छन्,' आयोजना प्रमुख राणाले भने, 'कार्यकारी निर्देशकले पनि शिघ्र काम सम्पन्न गर्न दिनुभएको छ, हामीले सबै काम सम्पन्न गरेर तयारी अवस्थामा बसेका छौं ।'

वन क्षेत्रको रुख कटानमा देखिएको समस्या तथा अन्य स्थानीयवासीको मागका कारण लामो समयदेखि मार्कीचोक हुँदै लमजुङ खण्डमा प्रसारण लाइन निर्माणको कामले गति लिन नसकेपछि प्राधिकरणले आफ्नो प्रतिवद्धताअनुसार प्रसारण लाइन तयार पारेको हो ।



हाल तयारी हालतमा रहेको प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिने छ । सो प्रसारण लाइनको क्षमता २२० केभी भए पनि तत्काल कम क्षमता चार्ज गरेर प्रवर्द्धकको बिजुली प्रणालीमा जोडिने आयोजना प्रमुख राणाको भनाइ छ । लमजुङकै डादी तथा त्यसका सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् खुदी सवस्टेसनमा जोडिने छ । मर्स्याङ्दी र त्यसका सहायक नदीमा उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना सुरु गरिएको हो । प्रसारण लाइनबाट करिब एक हजार छ सय मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ ।

उनका अनुसार हिमालयन पावर पार्टनरको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत् आयोजनाले बिजुली जोड्छौं भनेकै दिन जोड्न सकिने भएको छ । यस्तै लिबर्टी इनर्जी लिमिटेडको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' जलविद्युतको आयोजना निर्माणाधीन छ । त्यस्तै दोर्दीखोला जलविद्युत् कम्पनीको १२.१ दोर्दी-१ पनि तत्कालै जोड्न सकिनेछ । चेपे खोलाका निर्माणाधिन सात मेगावाटको अर्को एक आयोजनाको समेत बिजुली सोही प्रसारण लाइनमा जोडिँदा तत्कालै ७० मेगावाट बराबरको बिजुली केन्द्रीय प्रणालीमा थप हुनेछ । चितवनको भरतपुरदेखि मनाङको धारापानीसम्मको डबल सर्किट प्रसारण लाइनको लम्बाइ करिब एक सय १३ किलोमिटर छ । आयोजनालाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ । पहिलो प्याकेजअन्तर्गत उदीपुरबाट नयाँ भरतपुर सवस्टेसनसम्मको करिब ६७ किलोमिटर प्रसारण लाइन निर्माण भइरहेको छ ।

दोस्रो प्याकेजअन्तर्गत नयाँ भरतपुर र उदीपुर सवस्टेसन निर्माणाधीन छन् । तेस्रो प्याकेजअन्तर्गत खुदीबाट धारापानीसम्मको ४६ किलोमिटर प्रसारण लाइन र दुई सवस्टेसन निर्माण भइरहेका छन् । नेपाल सरकारको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलितपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको अनुमानित लागत करिब १६ अर्ब बराबर छ ।

लमजुङमा २३ अर्बभन्दा बढी लगानीमा पाँच जलविद्युत् आयोजना निर्माणाधीन छन् । यस्तै पिपुल्स हाइड्रोपावर कम्पनीद्वारा ५४ मेगावाटको सुपर दोर्दी 'ख' पनि सोही प्रसारण लाइनमार्फत नै प्रवाह हुनेछ । सो करिडोरका सबै आयोजना निर्माण सम्पन्न भएपश्चात् एक सय २५ मेगावाट बिजुली उत्पादन हुनेछ । त्यहाँ निर्माण भएका आयोजनाबाट एक वर्षदेखि पाँच वर्षभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

त्यस्तै दोर्दी करिडोरमै छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीले सोही खोलामा चार मेगावाटको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । दोर्दी करिडोरको सबैभन्दा माथिल्लो तटमा पिपुल्स हाइड्रोपावरको सुपर दोर्दी 'ख' (५४ मेगावाट) आयोजनामा कूल रु आठ अर्ब ८० करोड लगानी छ । सो आयोजनामा प्रभावित क्षेत्रका बासिन्दा र जिल्लावासीको पनि २७ करोड लगानी रहेको छ । निर्माण सम्पन्न भएका आयोजनाको बिजुली केन्द्रीय प्रसारण प्रणालीमा जोड्न नपाएको भन्दै गुनासो आएपछि प्राधिकरणले मर्स्याङ्दी करिडोर प्रसारण लाइनको प्रगतिका बारेमा पटक-पटक चासो राख्दै स्थलगत अनुमगनसमेत गरेको थियो । प्राधिकरणका कार्यकारी निर्देशकलगायतको टोलीले सो प्रसारण लाइन र सवस्टेशनको स्थलगत निरीक्षण गरी वैकल्पिक व्यवस्थामार्फत नै भए पनि बिजुली जोड्ने प्रतिवद्धता जनाएको थियो । प्राधिकरणको खुदी सवस्टेसनको निर्माणको काम अन्तिम चरणमा पुग्न लागेको छ ।

## एक नविनतम रेष्टुरेन्ट काठमाडौं बसुन्धरामा




**काठमाडौं/मस–** काठमाडौंको बसुन्धरामा क्याफे डी नाईट वर्ड प्रालि शुरु भएको छ । एक करोड भन्दा बढीको लगानीमा घर निर्माणका लागि आवश्यक सामग्रीहरुको व्यवसायिक समुहहरुद्वा सञ्चालन गरेको रेष्टुरेन्ट शुक्रबारबाट संञ्चालनमा आएको हो । अधिकांश युवाहरु विदेश पलायन भइरहेको बेला युवा व्यवसायिक समुहले अनेकौ चुनौतिहरुलाई सामना गर्दै दीर्धकालीन महत्व राखेर रेष्टुरेन्ट सञ्चालनमा ल्याएको हो । रेष्टुरेन्टले औपचारिक कार्यक्रम शुरु गरि आफ्नो सेवा अगाडि बढाएको छ । कार्यक्रममा प्रमुख अतिथि समाजसेवी तथा व्यवसायी ध्रुब पौडेलले व्यवसायको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा संस्थाका अध्यक्ष टुक थापा, संञ्चालकहरु राजेन्द्र सुवेदी, जीवन भण्डारी, शिव श्रेष्ठ लगायतको सहभागी रहेको थियो । संस्थाका अध्यक्ष टुक थापाले रेष्टुरेन्टलाई नेपालकै नमुना रेष्टुरेन्ट बनाउने बताए । उनले भने, 'हामी २/३ वर्षभित्र चेन सिस्टमा आधारित रहेर उपत्यकाका विभिन्न ठाउँहरुसहित देशका अन्य भागहरुमा पनि सेवा पुऱ्याउने योजना छौं ।' संस्थाका प्रवन्ध निर्देशक राजेन्द्र सुवेदीले पारिवारिक वातावरणमा सञ्चालन गरिने रेष्टुरेन्ट स्वास्थ्यलाई ख्याल गरेर कम मसलायुक्त, कम विषादी रहित, सकेसम्म अर्गानिक परिकाहरु सेवा ग्राहीलाई खुवाउने कुरामा जोड दिए ।

संस्थापक अध्यक्ष टुक थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा युवा व्यवसायी बाल दिवस पण्डित, पत्रकार तथा लेखक नन्दलाल खरेल लगायतको सहभागिता रहेको थियो । रेष्टुरेन्टले हाल २० जना कर्मचारीलाई रोजगार दिएको छ । रेष्टुरेन्टमा मुख्य सेफ मुम्बईको प्रख्यात होटल ओवराहमा लामो अनुभव लिएका लक्ष्मण भट्टराई रहेका छन् । यहाँ इण्डोनेसियन, थाइ, मलेसियन र नेपाली स्वादमा रहेका विभिन्न परिकारहरु पाइन् रेष्टुरेन्ट जनाएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**